नेपाल

# स्थानीय तह निर्वाचन-२०७९
# पर्यवेक्षण प्रतिवेदन

# Local Level Elections-2022
# Observation Report




**राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)**

**National Election Observation Committee (NEOC)**

**राष्ट्रिय सचिवालय**

सातोआकी स्मृती भवन, कुपण्डोल-१०, ललितपुर, नेपाल

पोष्ट बक्स नं. २६५५०, फोन : +९७७-१-५४४१५०२, फ्याक्स : +९७७-१-५४४१५०३

इमेल: neocnepal1991@gmail.com, neocelection@gmail.com

# स्थानीय तह निर्वाचन-२०७९

# पर्यवेक्षण प्रतिवेदन

---

| | | |
|---|---|---|
| सल्लाहकार | : | प्रा.कपिल श्रेष्ठ |
| प्रमुख सम्पादक | : | देविका तिमिल्सिना |
| लेखन/सम्पादन | : | डा.नीमानन्द रिजाल<br>डा. विकल श्रेष्ठ |
| विज्ञ योगदान | : | तेज तिम्सिना |
| विशेष सहयोग | : | दीपा लुइटेल, विष्णु प्रसाद वास्तोला, बिगिना राजकर्णिका, सनत पराजुली, अजय फुँयाल, उज्वल कंशाकार, पार्वती पौडेल, सज्ञान रेग्मी |
| सर्वाधिकार | : | नियोकमा सुरक्षित |
| ले-आउट/डिजाइन | : | सनत पराजुली |
| प्रतिलिपि अधिकार© | : | राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) |

# प्राक्कथन



राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले सन् १९९१ मा सम्पन्न संसदीय निर्वाचनको समयदेखि निर्वाचन पर्यवेक्षणमा व्यापक अनुभव सँगालेको छ । पछिल्लो तीन दशकमा हामीले लोकतान्त्रिक विकास, शान्ति, स्थिरता र मानव अधिकार प्रवर्द्धनकालागि एकदर्जन भन्दा बढी निर्वाचनको पर्यवेक्षण गरेका छौं । यी अवस्थाहरु सुनिश्चित गर्नकालागि नियोक निर्वाचन पर्यवेक्षण प्रक्रियाको अभिन्न अङ्गका रुपमा अघिल्लो पङ्तिमा अग्रसर छ । कुशल ढङ्गबाट संयोजन गरिएको निवार्चन पर्यवेक्षण लोकतन्त्र, सुशासन र राजनैतिक स्थिरताको संस्कृतिलाई बढावा दिनका लागि सबैभन्दा पारदर्शी र व्यवस्थित तरिका हो भन्ने नियोकको अनुभवसिद्ध विश्वास रहेको छ । हाम्रो पर्यवेक्षण निर्वाचन आयोगबाट जारी गरिएको पर्यवेक्षण निर्देशिका, राष्ट्रिय निर्वाचन अनुगमन विश्वव्यापी सञ्जालको निर्देश र निर्वाचन पर्यवेक्षण मिशनहरुमा बारम्बार प्रयोग गरी समयक्रममा खारिएको हामी आफैंले विकास गरेको आचार संहितामा आधारित रहेको छ ।

नयाँ सम्विधान २०७२ अनुसार पुनर्गठित भएका स्थानीय तहहरुले आफ्नो कार्यकाल सफलतापूर्वक पूरा गरी दोस्रो कार्यकालका लागि भएको स्थानीय तह निर्वाचन-२०७९ को नियोकले व्यवसायिक रुपमा प्रशिक्षित पर्यवेक्षकहरु परिचालन गऱ्यो र मतदानपूर्वको अवधि, मतदान अवधि र मतगणना प्रकृयाको पर्यवेक्षण सम्पन्न गऱ्यो । हामीले द्रुतमार्ग प्रकृतिको निर्वाचन भएका कारण सिर्जित सूक्ष्म योजना निर्माण, श्रोत परिचालन, समान उद्देश्य रहेका सङ्गठनहरूको बिचमा समन्वय र सहकार्य तथा पर्यवेक्षकहरूको उचित परिचालन सम्बन्धित थुप्रै चुनौतीहरू सफलतापूर्वक समाधान गऱ्यौं ।

राजधानीमा स्थापना गरिएको पर्यवेक्षण कल सेन्टर एउटा छुट्टै आकर्षणका साथसाथै कार्यस्थलबाट घटना भइरहेकै वास्तविक समयमा हाम्रा पर्यवेक्षकहरु मार्फत सूचना तथा जानकारी प्राप्त गर्न र सर्वसाधारणलाई प्रमाणमा आधारित तथ्याङ्कहरु सहितको सूचना प्रवाह गर्नका लागि प्रभावकारी मञ्चका रुपमा रह्यो । यस अग्रगामी प्रयासले हाम्रो पर्यवेक्षण अभियानको गुणस्तर र विश्वसनीयता दुवैलाई निश्चित रूपमा एक उँचाइ दिएको छ ।

निर्वाचन पर्यवेक्षण कार्यक्रम सम्पन्न गर्न र नागरिकहरुको मतदान गर्ने आफ्नो अधिकार निर्भयपूर्वक उपयोग गर्न पाउने वातावरण निर्माणमा योगदान पुऱ्याउने दृष्टिकोणले स्वतन्त्र र विश्वसनीय निर्वाचनका आधारशीला एवम् पर्यवेक्षणको प्रभावकारिताकालाई नियोकले सँधैं प्राथमिकता दिंदै आएको छ । मतदाता र सर्वसाधारणले निर्वाचन प्रकृया बुझ्न र प्रकृयामा सहभागी हुन देखाएको उच्च स्तरको चासोको हामी प्रशंसा गर्दछौं, जसको प्रमाण स्वतन्त्रपूर्वक आफ्नो सार्वभौम अधिकार प्रयोग गर्न आएका मतदाताको ठुलो सङ्ख्याको उपस्थिति नै हो । २०७४ सालको तुलना गरेर हेर्दा २०७९ को निर्वाचनमा जनताको चेतनामा गुणात्मक परिवर्तन देखिएको छ भने स्थानीय सरकारमा राम्रो मान्छेको प्रतिनिधित्वको लागि दृढ देखिन्छन् । अन्त्यमा, स्थानीय तह निर्वाचन-२०७९ मा देखिएका मतदाता दर्ता, आचार संहिता कार्यान्वयन, वित्त नियमन, मतदाता परिचयपत्रको वितरण, हिंसा र धाँधलीको नियन्त्रण, मतगणनाको स्तरीकरण कार्यसँग सम्बन्धित चुनौतीहरुका साथसाथै निर्वाचन सम्बन्धी विवादको समाधानकालागि प्रभावकारी र पारदर्शी संयन्त्र स्थापना गर्नेतर्फ सम्बन्धित सरोकारवालाहरुले ध्यान दिनुपर्छ भन्ने हामीलाई लागेको छ । नियोक र अन्य सहयोगी संस्थाहरूबाट अगाडि सारिएको आवश्यक कानुनी, संस्थागत र नीतिगत उपायहरू अवलम्बन गरिनुपर्ने सुझाव मनन् गर्न आग्रह गर्दछौं ।

**प्रा.कपिल श्रेष्ठ**
**अध्यक्ष, नियोक**

# स्थानीय निर्वाचन २०७९ को पर्यवेक्षणका क्रममा आभारी छौं



स्थानीय तह निर्वाचन २०७९ ले लोकतन्त्रलाई सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेको छ भन्नेमा कसैको दुईमत नहोला । निर्वाचनमा सहभागिता जनाउनु जनताको राजनैतिक अधिकार हो र मौलिक हकको निर्वाध उपभोग गर्न पाउनु सवै नागरिकको अधिकार हो ।

निर्वाचनमा मताधिकार भनेको जनताले आफ्ना प्रतिनिधि र आफ्नो शासन व्यवस्था व्यवस्थित गर्न नेतृत्व चयन गर्ने प्रकृया हो । यस निर्वाचनमा मतदाताहरुको सहभागिता ६८ प्रतिशतको हाराहारीमा हुनुले जनता आफ्नो राजनैतिक अधिकारप्रति सचेत छन् भन्ने प्रमाणित गरेको छ । नियोकले स्थानीय निर्वाचन २०७९लाई नजिकबाट नियालेको थियो । ३६ लाखको हाराहारीमा नयाँ मतदाता थपिएका थिए । यसमा १८ वर्ष पुगेका युवाहरुको सहभागिता उत्सहाजनकरुपमा रहेको थियो भने यस्तै जेष्ठ नागरिकहरुको सहभागिता पनि उत्तिकै उत्साहजनक पाइएको थियो । नियोकले यस निर्वाचनमा सतहत्तरवटै जिल्लाहरुमा आफ्ना पर्यवेक्षकहरुबाट पर्यवेक्षण गराएको थियो । सो पर्यवेक्षणमा ११३० पर्यवेक्षकहरु संलग्न हुनु भएको थियो । यसमा ३० जना जति विशिष्ट पर्यवेक्षकहरुले पर्यवेक्षण गर्नु भएको थियो । पर्यवेक्षणका क्रममा तुलनात्मकरुपमा हेर्दा यो निर्वाचनमा शहरका भन्दा ग्रामीण क्षेत्रका जनताहरु बढी उत्साहित भएको पाइयो । स्थानीय सरकारको महत्व र आवश्यकतालाई जनताले आत्मसात् गरेको पाइयो तथा कामकाजी निकायकोरुपमा जनताले स्थानीय तहलाई स्वीकारेको महसूस भयो ।

समग्रमा हेर्दा नेपालीहरुले यस प्रकारको समावेशी लोकतन्त्रमा आधारित स्थानीय निर्वाचनको अनुभूती गरेको यो दोश्रो पटक हो । २०७४को निर्वाचनको तुलनामा यो निर्वाचन देश व्यापीरुपमा एकैपटक भयरहित वातावरणमा सम्पन्न भएको छ । केही स्थानहरुमा निर्वाचनमा अवरोध भएका घटनाहरु नियोकको कलसेन्टरको सूचना सङ्कलन डेस्कमा अभिलिखित भएका थिए र यसले समग्र निर्वाचनलाई खासै असर नपारेको पाइयो ।

यस निर्वाचनका क्रममा ८५ स्थानमा निर्वाचन स्थगित भएको थियो । यीमध्ये हाल निर्वाचन आयोगले ८४ स्थानमा पुनः निर्वाचन सम्पन्न गरी सकेको छ भने एक नगरपालिकामा पुनः निर्वाचन हुन बाँकि रहेकोमा गत २०७९ असार २५ गते सम्पन्न भई ७५३ ओटै पालिकाहरुले जननिर्वाचित प्रतिनिधिहरु पाइसकेका छन् । यस निर्वाचनमा केही महानगर पालिका,उपमहानगर पालिका,नगर पालिका र गाउँ पालिकाहरुमा स्वतन्त्र उम्मेदवारहरुले विजय हासिल गरेका छन् । पच्चीसवटा पालिकाहरुले महिला नेतृत्व प्राप्त गरेका छन् र आगामी निर्वाचनमा महिलाहरुको सशक्त उपस्थिति रहने विश्वास गर्न सकिन्छ । मतगणनामा देखिएको ढिलाइले निर्वाचन व्यवस्थामा सुधार गर्नुपर्ने पाठ सिकाएको छ । इलेक्ट्रोनिक भोटिंङ् पद्धतिमा जान के के सुधार गर्नुपर्ने हुन्छ सो को अध्ययन बेलैमा गर्नु बुद्धिमानी ठहर्दछ भन्ने महसूस गरेका छौं । यो निर्वाचनले दिएका अनुभवहरुबाट सिक्दै आगामी निर्वाचनहरुको योजना अझै परिस्कृत बन्दै जाने अपेक्षा राख्दछौं ।

नियोकलाई पर्यवेक्षणको लागि अनुमति प्रदान गरी तथा आवश्यक जानकारी उपलब्ध गराई सहयोग गर्ने निर्वाचन आयोग, गृह प्रशासन, जिल्ला प्रशासन, जिल्ला निर्वाचन अधिकृतहरु, राजनैतिक दलहरु, उम्मेदवारहरु, मतदाताहरु, पर्यवेक्षकहरु, पत्रकारहरु, नागरिक समाजका अगुवाहरु लगायत संस्थागतरुपमा सहयोग गर्ने सिविन, गैरसरकारी संस्था महासङ्घ लगायत सम्पूर्णमा आभार प्रकट गर्दै कृतज्ञता जाहेर गर्दछौं । भविष्यमा यसैगरी नियोकले साथ र सहयोग निरन्तर तपाईंहरुको पाइरहने विश्वास गरेका छौं ।

**देविका तीमिल्सिना**
**महासचिव, नियोक**

# कार्यकारी सारांश

लोकतन्त्रको सर्वश्रेष्ठ, सबल, सुन्दर, सुखद् र समसामयीक पक्षको केन्द्रविन्दुको रूपमा आवधिक, बालिग, गोपनीय तथा समावेशी निर्वाचनलाई लिने गरिन्छ। लोकतान्त्रिक एवम् मानव अधिकारमैत्री समाजमा सार्वभौम जनताको स्वतन्त्र अभिव्यक्तिको रूपमा निर्वाचनको माध्यमबाट निश्चित समयको अन्तरालमा जनादेशको नवीकरण गरिनु पर्दछ। यस पृष्ठभूमिमा लोकतन्त्रको आधारशीलाको रूपमा स्थानीय निर्वाचन तथा स्थानीय स्वायत्त शासनको सुदृढीकरणलाई विश्वभरि नै प्राथमिकताका साथ अवलम्बन गरिन्छ । राज्यका हरेक तहका संयन्त्रलाई पारदर्शी, जवाफदेही एवम् प्रभावकारी बनाउन स्थानीय निकायको अहम् भूमिका हुन्छ किनकि स्थानीय शासन नागरिकको हात लम्ब्याउँदा छुन सक्ने दूरीभित्र रहेको हुन्छ ।

२०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनलाई राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले सम्पूर्ण स्थानीय तहहरुमा सूक्ष्म पर्यवेक्षण सम्पन्न गरेको छ । श्रोतको अभाव हुँदाहुँदै पनि १ हजार १ सय ३० जना पर्यवेक्षकहरुलाई परिचालन गरी ७७ जिल्लामानै पर्यवेक्षण गरेर नियोकले सदाझैं अग्रस्थानमा रही निर्वाचन पर्यवेक्षणको दायित्व पूरागर्न सफल भएको छ । यसको विशेषता भनेको निर्वाचनलाई देशव्यापीरुपमा एकसाथ सम्पन्न गर्ने नेपाल सरकारको घोषणा र त्यसलाई सहजरुपमा निर्वाचन सम्पन्न गर्न सकिन्छ भनेर अठोट गरेको निर्वाचन आयोग, राजनैतिक दलहरु, सुरक्षा निकायहरु र सरोकारवालाहरुको क्रियाकलाप वा गतिविधिहरु नेपालको संविधान २०७२, निर्वाचन सम्वन्धी प्रचलित ऐन नियमहरु, निर्वाचन आचार संहिताको पालना तथा जनतालाई निर्वाचनमा निर्वाधरुपममा सहभागी हुने वातावरणको सीर्जना आदिको पर्यवेक्षण गर्नु हाम्रो कर्तव्य र दायित्व रहेको थियो । यिनै कुराहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको निर्वाचनमा नियोकले केन्द्रदेखि प्रदेश हुँदै स्थानीय तहसम्म तालिम प्राप्त पर्यवेक्षकहरू परिचालन गरी निर्वाचन व्यवस्थापनका विविध पक्षहरू जस्तैः निर्वाचन कानुन, मतदाता नामावली सङ्कलन, राजनैतिक दल दर्ता, आचार संहिता, निर्वाचन खर्च, सुरक्षा लगायत निर्वाचनका अन्य महत्वपूर्ण पक्षहरूको पर्यवेक्षण सम्पन्न गरेको हो । यो प्रतिवेदनलाई मुख्यतया पर्यवेक्षकहरुले सङ्कलन गरेको तथ्याङ्क, नियोकका कलसेन्टरबाट आएका तथ्याङ्कमा आधारित गरिएको छ भने केही अध्ययन  निर्वाचन आयोगले प्रकाशन गरेका ईबुलेटिनहरु र अन्य  राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित सन्दर्भ सामग्रीहरुलाई पनि यस प्रतिवेदनमा समावेश गरिएको छ ।

यो निर्वाचनमा १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाताहरु सूचीकृत थिए भने सो मध्ये निर्वाचनका दिन (स्थगित भएका मतदान स्थलहरु वाहेक) १ करोड १८ लाख मतखसेको थिए । यो निर्वाचनवाट ७५३ पालिकाहरुमा ३५,२२१ जना प्रतिनिधिहरु निर्वाचित भए । यी स्थानहरुकोलागि ७९ राजनैतिक दलहरुले उम्मेदवार दिएका छन् र जम्मा  १४५,०११ उम्मेदवार  र यसमध्ये ५५,६९८ महिला उम्मेदवार  प्रतिस्पर्धामा उत्रिएका थिए । यसपटकको स्थानीय निर्वाचनमा कतिपय राजनैतिक दलहरूबिच भएका असहज प्रकृतिका गठबन्धन र तालमेलका कारण प्रमुख वा उप-प्रमुखमा ५० प्रतिशत महिला उम्मेदवार तय गरिनुपर्ने कानुनी व्यवस्था भएपनि यो हुन सकेन । पर्यवेक्षणको क्रममा समावेशी एवम् लैङ्गिक पक्षलाई समेत विशेष रूपमा समेटिएको छ । तथ्याङ्कमा हेर्दा १ जना निर्वाचित हुनको लागि  मोटामोटि रुपमा ४ (३.७५) जनासँग प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ । यस विश्लेषणले के स्पष्ट पार्दछ भने स्थानीय निर्वाचन २०७९ मा नागरिकहरुको संलग्नता उत्साहप्रद भयो । त्यो राजनैतिक सहभागिता चुनावमा उठेर होस् वा मतदानमा भाग लिएर नागरिकहरुले लोकतान्त्रिक प्रणालीलाई आत्मसात् गरेको पुष्टि हुन्छ ।

हाम्रो प्रतिवेदनले औंल्याएका प्रमुख कुराहरुमा निर्वाचन आयोगले व्यवस्थापकीय चुनौतीहरु लिनसक्ने क्षमताको विकाश गरेको प्रमाणित भएको छ । स्थानीय तह निर्वाचन २०७९ मा देशभरका असन्तुष्ट पार्टी, समूहहरु पनि निर्वाचनमा होमिएर समावेशी लोकतान्त्रिक गणतन्त्र नेपालको मजबुत आधारस्तम्भ तयार गर्न जुटनु भएको तथ्य पर्यवेक्षणको क्रममा भेटिए । यस प्रतिवेदनमा मतदान स्थल तथा केन्द्रहरुको तयारीको अवस्था, अपाङ्ग मैत्री मतदान केन्द्रहरुको अवस्था र आचार संहिता उल्लङ्घनका घटनाहरुको समेत उल्लेख गरिएको छ ।

निर्वाचन व्यवस्थापन र सुरक्षा प्रबन्धका निम्ति कर्मचारी र सुरक्षाकर्मीको राम्रो उपस्थिति रह्यो भने निर्वाचन प्रक्रिया सहज रूपमा सम्पन्न गराउन प्रत्येक मतदान केन्द्रमा निर्वाचन समिति रहने व्यवस्था गरियो । यसैगरी स्थानीय निकायको सदमुकाममा निर्वाचन अधिकृतको कार्यालय रहने व्यवस्था गरिएबाट दलका कार्यकर्ता, उम्मेदवार एवम् सम्बन्धित मतदातालाई जिल्ला सदरमुकामसम्म धाउनु पर्ने झन्झट रहेन । यद्यपि स्थानीय तहको भौगोलीक आकार बृहत्तर हुनुका कारण विशेष गरी दुर्गम क्षेत्रका मतदाताहरूलाई मतदान गर्न भने असहजता रह्यो ।

चुनावी प्रतिस्पर्धाको मैदानमा अत्याधिक सङ्ख्यामा राजनैतिक दल तथा उम्मेदवारहरू उत्रन पुग्दा मतपत्रको आकार अनपेक्षित रूपमा बृहत् हुन पुग्यो । मतदाताले सातवटा निर्वाचन चिन्हमा छाप लगाउनुपर्ने भएकाले मतदान गर्दा स्वभाविक रूपमा अलमलमा परी बढी समय लाग्न पुग्यो । विलम्ब गरी मतदानको मिति तोकिनपुग्दा द्रुत गतिमा निर्वाचन सम्पन्न गर्नुपर्ने बाध्यात्मक परिस्थितिका कारण आयोगद्वारा संचालित मतदाता शिक्षा कार्यक्रम प्रभावकारी हुन सकेन र फलस्वरूप बढी प्रतिशतमा मतपत्र बदर हुनपुग्यो । व्यवस्थापनको पूर्वआँकलनको अभावमा मतगणना प्रक्रिया समेत अत्यन्त लामो, पट्यारलाग्दो एवम् खर्चिलो बन्न पुग्यो ।

यस पटकको निर्वाचनमा आचार संहिता उल्ङ्घन नगर्नेमा विगतको चुनावमा जस्तै प्रायः कुनै दल तथा उम्मेदवार चोखो रहन सकेनन् । आचार संहितालाई कडाइका साथ प्रभावकारी रूपमा परिपालना गराउन निर्वाचन आयोगले सफलता प्राप्त गर्न सकेन जसको फलस्वरूप निर्वाचन प्रचार-प्रसार महङ्गो बन्न पुग्यो । निर्वाचनमा बालबालिकाको प्रयोगले यसपाली पनि निर्वाचनको स्वच्छता पूर्ण रूपमा कायम हुन सकेन । कतिपय स्थानमा हिंसात्मक झडप भए भने केही स्थानमा मतदान सामग्री लुट्ने, बिगार्ने तथा नष्ट गर्ने गतिविधि समेत भए । प्रतिस्पर्धी राजनैतिक दल तथा उम्मेदवारहरू बिच अस्वस्थ प्रचार अभियानका कारण आपसमा हिंसात्मक घटनाहरू हुन पुगी केही व्यक्तिहरू घाइते हुन पुगे । कतिपय मतदान केन्द्रहरू अवरुद्ध हुन पुगे भने केही मतदान केन्द्रमा पुनः मतदान गराउनुपर्ने स्थिति समेत उत्पन्न हुन पुग्यो

विषम परिस्थितिका बाबजुद एकै पटकमा सम्पन्न सात प्रदेशको स्थानीय तहको निर्वाचन नयाँ संविधान कार्यान्वयन गराउने दिशामा कोसेढुङ्गा साबित भएको नियोकको ठम्याई छ । यसैगरी नियोक संवैधानिक प्रावधान बमोजिम आगामी प्रादेशिक तथा सङ्घीय संसद्को निर्वाचनको मिति तय हुनु अघि आवश्यक पूर्वाधार अविलम्ब तय गर्न समेत निर्वाचन आयोग लगायत सरकारको ध्यानाकर्षण गराउन चाहन्छ ।

# विषय सूची

**संस्थाको परिचय**

| | |
|---|---|
| **परिच्छेद-१. पृष्ठभूमि** | **१** |
| **परिच्छेद-२. निर्वाचन र मानवअधिकार** | **२** |
| **परिच्छेद-३. पर्यवेक्षण विधि** | **६** |
| **परिच्छेद-४. पर्यवेक्षण गरिएको क्षेत्र** | **७** |
| **परिच्छेद-५. मतदानपूर्वको समग्र स्थितिको सङ्क्षिप्त समीक्षा** | **९** |
| **परिच्छेद-६. मतदानको दिनको समग्र स्थितिको सङ्क्षिप्त समीक्षा** | **१६** |
| **परिच्छेद-७. मतदानपश्चात्को समग्र स्थितिको सङ्क्षिप्त समीक्षा** | **२६** |
| **परिच्छेद-८. जिल्लाहरुबाट आएका प्रतिवेदनहरुको विश्लेषण** | **२९** |
| **परिच्छेद-९. सुझाव र सिफारिसहरू** | **४२** |
| **सन्दर्भ सामग्रीहरु** | **४४** |

**अनुसूचीहरुः**

- *पर्यवेक्षण गरिएको क्षेत्र/नियोकका पर्यवेक्षकहरुको विवरण* — *४५*
- *पर्यवेक्षणका झलकहरु/तस्वीरहरु* — *४६*
- *निर्वाचनको दिन जारी गरिएको प्रेस विज्ञप्ति* — *४८*

## संस्थाको परिचय

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) मानवअधिकार समूह, नागरिक समाज र निर्वाचन विज्ञ व्याक्तित्वहरुको संलग्नतामा मानव अधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको मान्यता र सिद्धान्तमा आधारित भएर स्थापना भएको हो । यसको स्थापना प्रजातन्त्रको अभ्युदय पश्चात २०४७ सालको प्रथम आम निर्वाचन पर्यवेक्षण गर्ने उद्देश्यका साथ भएको हो । स्थापनकालदेखि नै यसले विभिन्न् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम प्राप्त पर्यवेक्षककहरू खटाएर संसदीय, स्थानीय तथा संविधानसभा सदस्य निर्वाचन लगायत सबै खाले निर्वाचनको नियमित पर्यवेक्षण गर्दै आएको छ । नियोकका कार्यहरू निर्वाचनकादिन मतदान कार्यलाई पर्यवेक्षण गर्नु मात्रै नभएर मतदाता नामावली दर्ता प्रक्रिया लगायत नागरिक/मतदाता शिक्षा कार्यक्रमको पर्यवेक्षण गर्दै नागरिकहरूलाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचनको विश्वास दिलाउनु पनि हो ।

नियोक एसियन नेटवर्क फर फ्रि इलेक्सनस् (एन्फ्रेल/ANFREL) को संस्थापक सदस्य हो र सन् २०६४ देखिनै यसले संस्थाको सञ्चालक समितिमा रहेर धेरै अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिशनहरुमा भाग लिएको छ । नियोक सन् २०१२ मा एन्फ्रेलको मातहतमा घोषणा गरिएको स्वतन्त्र तथा निष्पक्ष निर्वाचन घोषणापत्र तयार गर्ने अभियानमा प्रत्यक्ष संलग्न रहेको थियो । नियोकद्वारा अनुसन्धान, शिक्षा, वकालत, संयोजन, प्रकाशनजस्ता धेरै कार्यहरू सम्पन्न गरिएका छन् भने विषयगत अनुगमन, सञ्जालको निर्माण, सूचना सङ्कलन तथा व्यवस्थापन लगायत निर्वाचनको पर्यवेक्षण, संवैधानिक, कानुनी, प्रशासकीय नीति सुधार तथा संशोधनका लागि सार्वजनिक छलफल, अन्तरक्रिया र वकालत, नागरिक एवम् मतदाता शिक्षा तथा सरोकारवालाहरूसँग विशिष्ट विचार विमर्शसमेत गर्दै आएको छ ।

**उद्देश्यः** नियोकको मूल उद्देश्य राज्य सञ्चालनमा जनताको प्रतिनिधित्व हुने निर्वाचन पारदर्शी, सुरक्षित र मर्यादित हुनु पर्दछ भन्ने हो । निर्वाचन सौहार्द्र रुपमा सञ्चालन भए नभएको पर्यवेक्षण गर्ने र निर्वाचनसँग आवद्ध सम्पूर्ण सरोकारवाला पक्षहरुले गरेका कमी कमजोरीहरुलाई औंल्याई आगामी दिनहरुमा लोकतान्त्रिक मूल्य र मान्यताहरुलाई मजबुत बनाउने यसको उद्देष्य रहेको छ ।

**दायित्वः** स्थापना कालदेखिनै नियोकले विभिन्न् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम प्राप्त पर्यवेक्षकहरु खटाएर संसदीय, स्थानीय, उप तथा मध्यावधि निर्वाचन एवम् संविधान सभा सदस्य लगायत सवै राष्ट्रिय निर्वाचनहरुको पर्यवेक्षण गर्दै आएको छ । नियोकको अर्को महत्वपूर्ण दायित्व भनेको निर्वाचन सम्वन्धि कानुन, नीति तथा निर्वाचनका हरेक प्रकृयाहरुको कमी कमजोरी र सवलपक्षहरुको समीक्षा गर्नु हो । यस्तै निर्वाचन प्रकृयालाई कसरी मर्यादित बनाउन सकिन्छ र मतदाताहरुको उत्तरदायित्वको बोध गराउनुका साथै मतदाता शिक्षा प्रदान गर्ने पनि यसको उत्तरदायित्व भित्र पर्दछ । नियोकका अन्य दायित्वहरुमा निर्वाचनको क्षेत्रमा अनुसन्धान, वकालत, संयोजन, प्रकाशन, नीति निर्माणमा योगदान पुऱ्याउनु, सार्वजनिक छलफल, पैरवी, स्थलगत अनुसन्धान जस्ता कार्य र सरोकारवालाहरुसँग सम्वाद, आदि कार्यहरु सम्पन्न गर्नु रहेको छ ।

**सङ्गठनात्मक स्वरुपः** नियोकको केन्द्रमा केन्द्रिय सचिवालय रहेको छ र निर्वाचन प्रकृयाबाट आएका अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र ४ जना सदस्यहरु सहित १४ जनाको कार्यसमिति रहेको छ । यसैगरी ७ प्रदेशमा प्रदेश स्तरीय समितिहरु र ७७ जिल्लाहरुमा जिल्ला स्तरीय समितिहरु रहेका छन् । संयोजक सहितका प्रदेश र जिल्ला समितिहरु सङ्गठनात्मक रुपले सञ्चालित छन् । नियोकले सञ्चालन गर्ने पर्यवेक्षण, अध्ययन अनुसन्धान, मूल्याङ्कन र मतदाता शिक्षा छिटो र छरितो रुपमा सञ्चालित हुन्छन् ।

# परिच्छेद-१
# पृष्ठभूमि

२०७९ सालको स्थानीय तह निर्वाचन नेपालको इतीहासमा सङ्घीय गणतन्त्र बनेपछिको दोस्रो स्थानीय निर्वाचन हो । २०७४ सालको स्थानीय निर्वाचन पछिको पाँच वर्षले स्थानीय नेतृत्वको महत्व देखाएको छ । विशेष गरी कोभिड-१९ महामारीको समयमा स्थानीय नेतृत्वले आफ्ना नागरिकहरूलाई तत्काल राहत उपलब्ध गराएको थियो । नेपालको संविधानमा उल्लिखित ३३ प्रतिशत महिलाको प्रतिनिधित्व राजनीतिमा सुनिश्चित गर्न २०७४ को निर्वाचन सफल भएको मानिएको छ । सबै दलले उपमेयर र मेयरमा कम्तीमा एकजना महिलालाई उम्मेदवारी दिएका यीए । यस वर्षको स्थानीय चुनावले महामारी पछिको विश्वमा नेपाललाई पुनर्निर्माण गर्ने नेतृत्वलाई परिभाषित गर्नेछ र नेपालमा लोकतन्त्र अझै बलियो भएको देखाएको छ । यद्यपि, लैङ्गिक दृष्टिकोणबाट निर्वाचन अवधि विवादास्पद साबित भयो किनभने दलहरूले गठबन्धन बनाएर चुनाव लडे र स्थानीय निर्वाचन ऐन २०७४ मा प्रत्येक राजनैतिक दलले उपमेयर र मेयरमा कम्तीमा एकजना महिला उम्मेदवार खडा गर्नु पर्ने प्रावधान भएकोमा गठबन्धन गरेर दलहरूले एक मात्र उम्मेदवारी दिए र धेरै पदहरूमा पुरुष उम्मेदवारहरू मात्र छनौट गरे ।

यसअघिका निर्वाचनहरूमा सशस्त्र समूहहरू र पार्टी कार्यकर्ताहरू बिच हुने धम्की र हिंसाले बारम्बार अनपेक्षित परिणामहरू निम्त्याएको थियो । अन्य मध्ये, विस्फोटक उपकरण प्रयोग गरेर मतदान र सार्वजनिक स्थानहरूमा आक्रमणहरू भएका थिए । अहिलेको परिप्रेक्ष्यमा तथाकथित सशस्त्र समूह र भोट बहिष्कार गर्नेहरूबाट खासै खतरा नदेखिए पनि राजनैतिक दलहरूले आफ्नो असन्तुष्टि र द्वन्द्वलाई समाधान नगरेका कारण केही हिंसा हुने अवस्था रहयो । विगतमा देशका साना दलहरुदेखि सशस्त्र समूहसम्मका कैयौं तत्वले निर्वाचन बहिष्कार गरी त्यसलाई बिथोल्ने धम्की दिएका थिए । तर समय फेरिएको छ । अधिकांश सशस्त्र समूहले हतियार त्यागेका छन् ।

निर्वाचन पूर्वको अवधिमा मतदातालाई धम्की दिने, चुनावी र्‍यालीमा हिंसा र चुनावी तयारीमा बाधा पुऱ्याउने प्रयास नभएको होइनन् । चुनाव नजिकिंदै जाँदा दलहरुले आफ्ना अनुयायीहरूलाई हिंसामा उत्रने र आरोप, प्रत्यारोप र खराब गतिविधिहरू बढ्दै गएका थिए । गठबन्धनमा पनि केही अन्तर्दलीय मतभेद देखिन्थे । दलभित्रको विवाद र अन्तर्दलीय विवाद स्थानीय तह निर्वाचनमा सबैभन्दा गम्भीर चिन्ताको विषय थियो । टिकट पाउन नसक्नेहरूले अवरोध ल्याउने प्रयास गर्न सक्ने । फलस्वरूप, बम विष्फोट, आगजनी, धम्की र बहिष्कार जस्ता परम्परागत गतिविधिको सट्टा, यस पटक भिन्न् प्रकारका सुरक्षा खतराहरूको रहेको थियो । यद्यपि, गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई दलभित्रको गुटबन्दी र विभाजनका साथै चुनावी सुरक्षामा खतरा उत्पन्न हुन सक्ने भन्दै चनाखो रहन निर्देशन दिएको थियो । अर्को चिन्ताको विषय खुला सिमाना भएको तराई क्षेत्र निर्वाचनको समयमा हतियार तस्करी हुनसक्ने भएकाले संवेदनशील रहेको थियो । अर्को चुनौती सुरक्षाकर्मीको व्यवस्थापन हो । निर्वाचन एकै चरणमा भएकाले सुरक्षाका लागि जनशक्ति व्यवस्थापन कठिन कार्य रहन गयो ।

यस सन्दर्भमा, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) को समग्र उद्देश्य भनेको स्थानीय तह निर्वाचनको पवित्रता र पारदर्शिताका कायम गर्नु र निर्वाचनका सबै चरणहरूलाई नजिकबाट पर्यवेक्षण गरी निर्वाचन प्रक्रियामा जनताको विश्वास र बुझाइ अभिवृद्धि गर्नु थियो । नियोकले निर्वाचन, राजनैतिक प्रक्रिया, निर्वाचन शिक्षा र स्थानीय जनचेतनालाई बढावा दिन निर्वाचन पर्यवेक्षणको महत्वपूर्ण सान्दर्भिकतामा सँधैं जोडदिंदै आएको छ । नियोकले पर्यवेक्षणबाट प्राप्त सिकाइ र सिफारिसहरूलाई निर्वाचन आयोग र अन्य सम्बन्धित निकायहरूलाई पेस गर्दै आएको छ ।

## परिच्छेद-२
# निर्वाचन र मानवअधिकार

### क. लोकतन्त्र र निर्वाचन

आवधिक निर्वाचन र बालिग मताधिकारका माध्यमबाटलोकतन्त्रमा मतदानको अधिकार, निर्वाचित हुने अधिकार, सरकार र राज्य सञ्चालनमा सहभागी हुने अधिकार, राज्यको सार्वजनिक सेवामा भाग लिन पाउने पहुँचयुक्त अधिकारलाई समेत निर्वाचनको परिभाषाभित्र समेटिन्छ ।सामान्य तवरले भन्ने हो भने निर्वाचन प्रणाली मार्फत् जनताको मतदान प्रक्रियाद्वारा प्रतिनिधि र दलहरूलाई निर्वाचित गरी पठाइने माध्यम नै निर्वाचन प्रणाली हो । कुनै पनि तहमा प्रतिनिधित्व गर्न मतदाता दर्ता, उम्मेदवारी दर्ता प्रक्रिया, मतदान प्रक्रिया, मतगणना प्रक्रिया र उम्मेदवारको विजय घोषणासमेत निर्वाचन प्रणाली भित्र पर्ने विषयहरू हुन् ।

निर्वाचन प्रणालीको कुनै पनि पद्धतिले प्रतिनिधित्वको सुनिश्चितता गराउँछ। प्रतिनिधित्वको पहुँचयुक्त र अर्थपूर्ण सहभागिता गराउँदै स्थायी र बलियो स्थानीय सरकारको निर्माण गर्ने, त्यसलाई जवाफदेही बनाउने, राजनैतिक दललाई प्रोत्साहित गराउने र निर्वाचितलाई राजनैतिक, संवैधानिक र अन्तर्राष्ट्रियस्तरको वैधानिकता प्रदान गर्ने सम्मका कार्यहरू निर्वाचन प्रणालीमार्फत् नै सुनिश्चित हुन्छन् ।

### ख. निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता

### १. मानवअधिकारको विश्वव्यापी घोषणापत्र-१९४८

***धारा २***

जाती, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै पनि भेद नगरी प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रता प्राप्त हुनेछ । यसका साथै कुनै पनि व्यक्ति रहेको देश अथवा इलाकाको राजनैतिक अधिकारक्षेत्र अन्तर्गत अथवा अन्तर्राट्रिय अधिस्थानका आधारमा कुनै भेद गरिने छैन चाहे ती स्वतन्त्र, संरक्षित, अस्वशासनगत अथवा सार्वभौमिकत्वमा अन्य कुनै सीमाङ्कन भएका किन नहुन् ।

***धारा २१***

१. प्रत्येक व्यक्तिलाई प्रत्यक्ष अथवा स्वतन्त्रतापूर्वक चुनिएका प्रतिनिधि मार्फत् आफ्नो देशको सरकारमा भाग लिने अधिकार छ ।
२. प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्ने समान अधिकार छ ।
३. सरकारको आधिकारिकताको आधार जनताको इच्छा हुनेछ, जुन इच्छा सर्वव्यापी एवम् समान अधिकारद्वारा हुने आवधिक तथा वास्तविक चुनावद्वारा अभिव्यक्त गरिनेछ र चुनाव गोप्य मतदान प्रक्रियाद्वारा सम्पन्न हुनेछ ।

### २. नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अभिसन्धि - १९६६

***धारा २***

१. आफ्ना इलाका तथा अधिकार क्षेत्रभित्रका सम्पूर्ण व्यक्तिलाई जाती, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनैतिक अथवा अन्य विचार, राष्ट्रिय अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य

अधिस्थानका आधारमा कुनै प्रकारको भेद नगर्ने यस अनुबन्धको प्रत्येक राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।

२. विद्यमान व्यवस्थापिकात्मक अथवा अन्य उपायले व्यवस्था नगरेका ठाउँमा आफ्ना संवैधानिक प्रक्रिया तथा यस अनुबन्धमा स्वीकार गरिएका अधिकारलाई प्रभावयुक्त आवश्यक व्यवस्थापिकात्मक अथवा अन्य उपाय ग्रहण गर्न उचित पाइला सार्न यस अनुबन्धका प्रत्येक राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।

३. यस अनुबन्ध अन्तर्गत प्रत्येक राज्यपक्ष निम्न कुरा गर्न प्रतिज्ञा गर्दछन् :

(क) आधिकारिक क्षमता कार्य गर्ने व्यक्तिबाटै उल्लङ्घन भएतापनि यसभित्र स्वीकृत गरिएका अधिकार एवम् स्वतन्त्रता उल्लङ्घन भएका कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउनेछन् ।

(ख) यस्तो उपचार दाबी गर्ने कुनै व्यक्तिको अधिकार सक्षम न्यायीक, प्रशासनिक अथवा व्यवस्थापिकात्मक अधिकारीहरूद्वारा निर्धारित गर्न सुनिश्चित गर्ने तथा न्यायीक उपचारका सम्भावनाहरू विकसित गर्ने ।

(ग) सक्षम अधिकारीले यस्ता उपचार प्रदान गरिएपछि लागु गर्ने कुरा सुनिश्चित गर्ने ।

***धारा २५***

धारा २ मा उल्लेख गरिएका कुनै पनि फरक तथा अनुचित नियन्त्रणबिना प्रत्येक नागरिकलाई निम्न कुराको अधिकार तथा अवसर प्राप्त हुनेछ :

(क) प्रत्यक्षतः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिमार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने ।

(ख) सर्वव्यापी तथा समान मतदान एवम् गोप्यताबाट मतदाताका इच्छाको स्वतन्त्र अभिव्यक्तिको ग्यारेन्टी गरिएको आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने ।

(ग) समानताको सामान्य नियमबाट आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने ।

## ३. सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि-१९६५

यस महासन्धिको धारा २ मा व्यवस्था गरिएका आधारभूत दायित्व अनुरूप सबै प्रकारका जातीय भेदभावहरूलाई निषेध र निर्मूलन गर्न र जाती, रङ्ग वा राष्ट्रिय वा साम्प्रदायीक उत्पत्तिजस्ता भेदबिना प्रत्येक व्यक्तिको कानुन समक्ष समानताको अधिकारलाई ग्यारेन्टी दिन, खासगरी देहायका अधिकारको राज्यपक्षहरू प्रतिज्ञा गर्दछन् । त्यसैगरी महासन्धिको धारा २ (ग) अन्तर्गत सर्वव्यापी र समान मतदानका आधारमा मतदान गर्न र चुनावमा उठ्न, सरकारमा भाग लिनका साथै जुनसुकै तहको सरकारी कार्यको सञ्चालनमा भाग लिन र सरकारी सेवामा समान पहुँच हुनका लागि राजनैतिक अधिकार खासगरी चुनावमा सहभागी हुने अधिकार हुनेछ ।

## ४. महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि-१९७९

***धारा ७***

राज्यपक्षहरूले देहायका राजनैतिक सार्वजनिक जीवनमा नारी विरुद्धको विभेद निर्मूलन गर्न सबै उचित उपायहरू अपनाउने छन् र खासगरी पुरुषसँगको समान शर्तमा नारीका निम्ति अधिकार सुनिश्चित गर्नेछन् :

क) सबै निर्वाचन र सार्वजनिक जनमतमा मतदान गर्ने र सार्वजनिकरूपले चुनिने निकायमा निर्वाचनका लागि योग्य मानिने ।

ख) सरकारी नीतिको तर्जुमा र यसको कार्यान्वयनमा सहभागी हुने र सरकारी पद सम्हाल्ने तथा सरकारको सबै तहका सार्वजनिक कार्य सम्पन्न गर्ने ।

## **५. महिलाको राजनैतिक अधिकार सम्बन्धी महासन्धि**

***धारा १***
कुनै भेदभावबिना पुरुषहरू सरह महिलाले सम्पूर्ण निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

***धारा २***
राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक रूपले निर्वाचित सम्पूर्ण निकायहरूमा कुनै भेदभाव बिना पुरुषहरूसरह महिला निर्वाचित हुन योग्य छन् ।

***धारा ३***
महिलाहरूले पुरुषसरह कुनै भेदभावबिना राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक पद ग्रहण गर्न तथा सम्पूर्ण सार्वजनिक कार्यहरू गर्न सक्नेछन् ।

## **६. स्वच्छ र स्वतन्त्र निर्वाचनका लागि बैंकक घोषणापत्र-२०१२**

एसियन नेटवर्क फर फ्रि इलेक्सन्स(ANFREL)को तत्वावधानमा सन् २०१२ मा एउटा दस्तावेज जारी गरिएको छ । उक्त दस्तावेजमा मानव अधिकारमैत्री, लोकतान्त्रिक निर्वाचन स्वच्छ, स्वतन्त्र एवम् विश्वसनढी वातावरणमा सम्पन्न गर्न निश्चित आधारशीला र मापदण्डको निमार्ण गरिएको छ । उक्त आधारशीलामा मूलतः कानुनी ढाँचा, तालिम र शिक्षा, मतदाता सूचिको तयारी, निर्वाचन प्रचार-प्रसार अभियान, मतदान प्रक्रिया, निर्वाचन विवाद निरूपण जस्ता विषयहरू समेटिएका छन् । नियोक यस घोषणापत्र मस्यौदाको मूल मस्यौदाकारको हैसियतले यसको प्रवर्द्धनमा क्रियाशील छ ।

## **७. स्वतन्त्र नागरिक पर्यवेक्षण सम्बन्धी विश्वव्यापी सिद्धान्तहरूको घोषणापत्र-२०१२**

नागरिक संस्थाबाट गरिने स्वतन्त्र निर्वाचन पर्यवेक्षण र अनुगमन सम्बन्धी विश्वव्यापी सिद्धान्तहरूको घोषणापत्र-२०१२ र आचार संहिता जारी गरिएको छ । उक्त दस्तावेजमा निर्वाचन पर्यवेक्षण र अनुगमन सम्बन्धी अन्तर्राष्ट्रिय अवधारणा, विधि र शर्तहरू समावेश गरिएका छन् । स्वतन्त्र निर्वाचन पर्यवेक्षकहरूले परिपालना गर्नुपर्ने आधारभूत मापदण्ड तथा सपथ/प्रतिज्ञाको विस्तृत व्याख्या गरिएको उक्त दस्तावेज परिपालनार्थ नियोकले औपचारिक प्रतिबद्धता जाहेर गरेको छ ।

## निर्वाचनका लागि विश्वव्यापी कानुनी मान्यता

निर्वाचनको परिभाषा प्रतिनिधिमूलक लोकतन्त्र नै हो। यसले जनताको राजनैतिक वैधता प्राप्त गर्दछ। जुन वैधता निर्वाचनको प्रक्रियाबाट मात्र व्यक्त गर्न सकिन्छ। लोकतन्त्रमा आवधिक निर्वाचन अपरिहार्य मानिन्छ। आधुनिक लोकतन्त्रमा मात्र बालिग मताधिकारको सुनिश्चितता गरिएको हुन्छ । राज्यको काम कारबाहीमा सबै जनता सहभागी हुन नसक्ने हुँदा उनीहरूको सहभागितालाई वैधानिकता प्रदान गर्न मतदानको अधिकार (Right to vote) सुनिश्चित गरिनुपर्दछ। लोकतन्त्रमा राजनैतिक बहुमत र अल्पमत समेतको कुरा गर्ने गरिन्छ, त्यहाँ उनीहरूको जनसङ्ख्याका आधारमा समानुपातीक प्रतिनिधित्वको सुनिश्चितता दिलाइने कार्यसमेत निर्वाचन प्रणालीको परिभाषाभित्र पर्दछ।

आधुनिक राज्य व्यवस्थाको अनिवार्य शर्तको रूपमा निर्वाचन रहेको हुन्छ। लोकतान्त्रिक व्यवस्थाको आधार प्रतिनिधित्वको छनोट भएकाले निर्वाचनको महत्व अझ बढ्न पुगेको हो। निर्वाचन लोकतान्त्रिक सरकारको स्वरूप भएको हुँदा आधुनिक राज्य व्यवस्थाको अनिवार्य शर्तको रूपमा निर्वाचनलाई लिइन्छ। त्यसैले हालका जुनसुकै क्षेत्रमा पनि निर्वाचनलाई स्वीकार गरिन्छ चाहे त्यो सरकार होस् वा कुनै संघसंस्था होस् । त्यसैगरी कुनै राजनैतिक, आर्थिक तथा सामाजिक क्षेत्रका निकायलाई बढी जिम्मेवार एवम् उत्तरदायी बनाउने माध्यम पनि निर्वाचन नै हो।

विधिको शासनलाई कार्यान्वयन गर्ने माध्यमको रूपमा पनि निर्वाचनलाई स्वीकार गरिन्छ। राजनैतिक अधिकारलाई अर्थात् निर्वाचनमा सहभागी हुने अधिकारलाई संयुक्त राष्ट्रसंघको बडापत्रले मानवमा अन्तर्निहित मर्यादा, सम्मान तथा नैसर्गिक अधिकारको रूपमा लिएको छ भने प्रत्येक व्यक्तिलाई नागरिक तथा राजनैतिक अधिकारको उपभोग गर्ने र ती अधिकारको सम्मान एवम् प्रवर्धन गर्ने कुराको सुनिश्चितता समेत गरेको छ। त्यस्तै नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्रले प्रत्येक नागरिकलाई बिना भेदभाव प्रत्यक्ष रूपमा वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिहरू मार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने समान मताधिकार र गोप्य मतदानबाट मतदाताको इच्छाको प्रत्याभूती गर्न पाउने स्वच्छ, आवधिक निर्वाचनमा मतदान गर्ने र निर्वाचित हुने, सार्वजनिक सेवामा पहुँच प्राप्त गर्ने सुनिश्चितता गरेको छ ।

निर्वाचन प्रणालीको परिभाषा यही नै हो भनेर भन्न् सकिँदैन तर पनि यसको परिभाषा गर्दा फिलिपिन्सका पूर्वराष्ट्रपती फिडेल रामोसले भनेका छन्-“सरकारहरू आउन-जान सक्छन् तर जनता जहाँको त्यहीँ रहन्छन्। जनताको सर्वोच्चता त्यहाँ हुनेछ जहाँ स्वतन्त्र र प्रभावकारी निर्वाचन प्रणाली अपनाइन्छ।” त्यसैले स्वतन्त्र, निष्पक्ष निर्वाचन गर्नु नै जनताको उच्च सम्मान हो र महत्व पनि यसैमा रहेको हुन्छ।

# परिच्छेद-३
# पर्यवेक्षण विधि

नियोकले ७ प्रदेशका ७७ जिल्लाका स्थानीय तहमा करीब १२०० पर्यवेक्षकहरु खटाउने क्रममा पर्यवेक्षकका निम्ति केन्द्रीय, प्रदेश तथा जिल्ला स्तरीय तालिम सम्पन्न गरी पर्यवेक्षण गरिने निर्वाचन स्थलहरूको छनौट र परिचय–पत्रको व्यवस्था गर्ने लगायतका तयारीहरु गरेको थियो । यसैगरी नियोकद्वारा राष्ट्रिय जीवनका विविध क्षेत्रमा विशेष योगदान पुऱ्याएका प्रबुद्ध व्यक्तिहरू सम्मिलित एक "विशिष्ट पर्यवेक्षण समूह" समेत गठन गरिएको थियो ।

प्रशिक्षित पर्यवेक्षकहरूलाई दीर्घकालीन् पर्यवेक्षक र अल्पकालीन् पर्यवेक्षकको रूपमा निर्वाचन घोषणा भएको दिनदेखि निर्वाचन परिणाम घोषणा नभएसम्म पर्यवेक्षण कार्यमा खटाइएको थियो । यसका अतीरिक्त निर्वाचनका दिन केही उच्च-स्तरीय पर्यवेक्षण मिसनहरू पनि पूर्व-पहिचान गरिएको संवेदनशील स्थानहरुमा तैनाथ गरिएको थियो । विशेष/राष्ट्रिय पर्यवेक्षकहरू सम्मिलित त्यस्ता मिसनहरूमा राष्ट्रिय जीवनका विभिन्न् क्षेत्रका व्यक्तिहरूलाई उनीहरूको उच्च-प्रोफाइल र निर्वाचन अनुगमन/पर्यवेक्षणको अनुभको कदर गर्दै यस्तो टोलीमा पूर्वन्यायाधीश, कानून व्यवसायी, विश्व विद्यालयका प्राध्यापक, प्राज्ञ, पूर्व कूटनीतिज्ञ, निर्वाचन विज्ञ, मानवअधिकार कर्मी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण अनुभव भएका नागरिक समाजका व्यक्तिहरु रहेका थिए । विशेष पर्यवेक्षकहरूलाई उनीहरूको व्यवस्थापन र रिपोर्टिङमा सहयोग गर्न केही युवा पर्यवेक्षकहरूलाई पनि टोलीमा समावेश गरिएको थियो ।

पर्यवेक्षण प्रक्रियामा नियोकले स्थानीय तहमा निर्वाचनपूर्वको समग्र स्थितिको सूक्ष्म पर्यवेक्षण गरेको थियो भने मतदान पश्चात् गणना, नतीजा प्रकाशन तथा विवाद निरुपणसमेत पर्यवेक्षण गऱ्यो ।

### प्रश्नावलीको प्रयोगः

**निर्वाचन पूर्वको पर्यवेक्षणः** यो सामान्यरुपमा निर्वाचनपूर्व आचार संहिता लागु भएको मिति देखि मौन अवधि सम्मलाई लिएको छ । *यी प्रशनहरु अनुसुची १ मा दिएको छ ।*

**निर्वाचन दिनको पर्यवेक्षणः** यो दिनमा पर्यवेक्षकहरुले प्रश्नावली भरेर जिल्ला स्थित नियोक शाखा मार्फत केन्द्रमा पठाउनु पर्ने हुन्छ ।*यी प्रश्नावली अनुसूची २ मा दिएको छ ।*

**निर्वाचन पश्चात्को पर्यवेक्षणः**मतपेटिकाको संरक्षण, मतगणना र त्यसको परिणाम सम्बन्धी प्रतिवेदन र मतगणनामा भएको घटना आदिको प्रतिवेदनको लागि छुट्टै फारम निर्माण गरी पर्यवेक्षकहरुलाई प्रदान गरिएको थियो । *यी प्रश्नावली अनुसूची ३ मा दिइएको छ ।*

निर्वाचन पर्यवेक्षण प्रक्रियालाई थप वैज्ञानिक, यथार्थ एवम् तथ्यपरक बनाउन नियोकले पहिलेझैं राष्ट्रिय स्तरमा **"पर्यवेक्षण कल सेन्टर"** को स्थापना गऱ्यो जसको मूल उद्देश्य मतदानका दिन मतदान स्थलमा खटिएका सम्पूर्ण पर्यवेक्षकहरूसँग नियमित एवम् प्रत्यक्ष सम्पर्क स्थापना गरी सूचना सङ्कलन र सम्प्रेषणको कार्यलाई जीवन्त एवम् विश्वसनइी बनाउनु रहेको थियो । कल सेन्टर सञ्चालनमा प्राविधिक विज्ञ तथा तालिम प्राप्त सूचना संकलक गरी ६० जना भन्दा बढीको सहभागिता रहेको थियो।कल सेन्टरमा सञ्चारकर्मीहरूका लागि एक "मिडिया सेन्टर" स्थापना गरी विहान १० बजे, अपरान्ह २:३० बजे र साँझ ७:३० बजे पर्यवेक्षण बिफ्रिङ गरिएको र सञ्चारकर्मीहरूलाई उक्त समयमा समाचार सङ्कलन र संप्रेषणका लागि आमन्त्रण गरिएको थियो । कल सेन्टरमा मतदानको दिन मतदान स्थलहरुमा कुनै अप्रिय घटनाहरु घटे सो को विवरण कल सेन्टरमा राखिएका दुईवटा हटलाइनमा सोझै सम्पर्क गरी अभिलेख गराउन सकिन्थ्यो । उक्त हटलाइनहरु (९८००८३४१४७ र ९८४१४५५५०४) मतदानको दिन २४ सै घण्टा खुल्ला रहेको थियो । कल सेन्टरमा प्राप्त पर्यवेक्षण सम्बन्धी सूचनालाई नियोकको फेसबुक (www.fb.com/neoc.nepali)बाट प्रत्यक्ष प्रसारण गरिएको थियो ।

## परिच्छेद-४
# पर्यवेक्षण गरिएको क्षेत्र

नियोकले ७ प्रदेशका ७७ जिल्लाका स्थानीय तहहरुमा तालिम प्राप्त पर्यवेक्षकहरु खटाई पर्यवेक्षण कार्य सम्पन्न गरेको थियो ।




**नियोकले पर्यवेक्षकहरुलाई खासगरी तीन तहमा खटाएको थियो :**

**राष्ट्रियस्तरका पर्यवेक्षक:**यी व्यक्तिहरु आ-आफना क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तित्वहरु हुनुहुन्छ । नियोकका अध्यक्ष तथा सदस्यहरु, निर्वाचन आयोगका पूर्वप्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरु, निर्वाचन विशेषज्ञहरु र अन्य ख्याती प्राप्त व्यक्तित्वहरु (प्रमिनेन्ट फिगरहरु) जसले निर्वाचन लगायतका अन्य क्षेत्रमा विशेष योगदान गरेका छन् ।

**जिल्ला स्तरका पर्यवेक्षक:**यी पर्यवेक्षकहरुले जिल्लामा के कसरी निर्वाचनका चरणहरु भएका छन्, घटनाहरुको विवरण, आचार संहिता उल्लघन भएका अवस्थाहरु, निर्वाचन स्थगन भएका आदि पर्यवेक्षण गरेका थिए । यसमा विशेष गरेर नियोकका जिम्मेवार पधाधिकारीहरु र अन्य क्षेत्रका ख्यातीप्राप्त व्यक्तित्वहरु (प्रमिनेन्ट फिगरहरु) छानिएका थिए ।

**मतदान स्थल केन्द्रितपर्यवेक्षक:** यसरी खटाइका पर्यवेक्षकहरुले कुनै एक मतदान स्थलमा निर्वाचनको दिनमा सम्पूर्ण मतदान प्रक्रियाको पर्यवेक्षण गरेका थिए

नियोकले स्थानीय निर्वाचन २०७९ मा खटाएका पर्यवेक्षकहरुको विश्लेषण:

| क्र.स. | प्रदेशहरु/केन्द्र | पर्यवेक्षकहरु | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | प्रदेश नं १ | ७० | १२० | १९० | १७.०४ |
| २ | मधेश प्रदेश | २५ | ५१ | ७६ | ६.८२ |
| ३ | बाग्मती प्रदेश | १०५ | १९१ | २९६ | २६.५५ |
| ४ | गण्डकी प्रदेश | ४३ | ७९ | १२२ | १०.९४ |
| ५ | लुम्बिनी प्रदेश | ५४ | १०८ | १६२ | १४.५३ |
| ६ | कर्णाली प्रदेश | ४५ | ७३ | ११८ | १०.५८ |
| ७ | सुदूरपश्चिम प्रदेश | २४ | ७२ | ९६ | ८.६१ |
| | केन्द्रबाट | ११ | ४४ | ५५ | ४.९३ |
| | जम्मा | **३७७** | **७३८** | **१,११५** | १०० |

***श्रोतः*** *नियोक २०७९*

### परिच्छेद-५

# मतदानपूर्वको समग्र स्थितिको सङ्क्षिप्त समीक्षा

निर्वाचन आयोगद्वारा निर्वाचनको तयारीको आवश्यक व्यवस्थापन जस्तैः मतदाता नामावली, कर्मचारी व्यवस्थापन, दल दर्ता, आचार संहिता, मतपत्र छपाई लगायत अन्य व्यवस्थापन समग्रमा सन्तोषजनक रहेको थियो तथापि आचारसहिंता परिपालनाको अनुगमन, मतदाता परिचय-पत्र जस्ता विषयमा केही त्रुटीहरू फेला परेका छन् । केही स्थानमा मतदाताले मतदाता सूचीमा आफूहरूको नाम छुटेको गुनासो गरेका छन् । केही ठाँउमा विवरण व्यवस्थित हुन नसक्दा सूचीमा नाम भएका कतिपयले परिचय-पत्र प्राप्त गर्न नसकेको अवस्था देखियो । मौसम अनुकूल मतदान केन्द्रको व्यवस्था नगरिँदा कतिपय मतदान केन्द्रहरुमा अवरोध हुनुका साथै मतदाताले सास्ती भोग्नु परेको थियो । वर्षात् र गर्मीको मौसममा तराई क्षेत्रमा निर्वाचन गर्नुभन्दा हिउँदको समय उचित देखिन्छ । आगामी निर्वाचनमा वर्षा, घाम, हुरीजस्ता प्राकृतीक प्रकोपबाट बचाउने किसिमले निर्वाचनको मिति तय गरिनुपर्छ ।

- **राजनैतिक घटनाक्रम**

यो चुनावले राष्ट्रिय राजनीतिमा क्रियाशील दलहरू, अझ तीनको नेतृत्वप्रति, आम मतदाताको बढ्दो मोहभङ्ग प्रदर्शित गरेको छ। नेपालको पछिल्लो विकसित राजनैतिक घटनाक्रम अनुसार चुनावी दौरानमा गठबन्धन भर्सेस गठबन्धनको परिदृश्य देखियो । सत्तारुढ गठबन्धनमा कांग्रेस, नेकपा माओवादी केन्द्र, जसपा, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा रहेका थिए भने प्रतिपक्षी गठबन्धनमा एमाले, राप्रपा नेपाल, नेपाल परिवार दल लगायत देखिन्थे । केही दलहरुका सीमित नेता बाहेक अन्य सबै गठबन्धनको पक्षमै देखिएका थिए । तर यस्ता गठबन्धनले खासगरी ठुला दलका कार्यकर्तामा निराशा निम्त्याउने जोखिम देखिन्छ । यस पटकको स्थानीय निर्वाचनमा गठबन्धनप्रति मतदाताहरु इमान्दार देखिए भने पाँच दलई गठबन्धनले परिणाम आफ्नो पक्षमा पार्न सफल भएको मान्न् सकिन्छ ।


***तस्बिरः***_काठमाडौं महानगरपालिकाको मेयरमा उम्मेदवारी दिने क्रममा बालेन शाहको दृश्य_

राजनैतिक दलहरू निर्वाचन प्रचारका लागि गाउँमा गए पनि घरदैलो कार्यक्रम लिएर सबै मतदातामा जान सकेनन् । मतदानको केही दिन अघिसम्म पनि तोकिए कै मितिमा निर्वाचन हुन्छ भन्ने कुरामा अन्यौलता र अस्पष्टता देखियो । उम्मेदवारी दर्ता अगावै केही दल र उम्मेदवारले उम्मेदवारी घोषणा गरे पनि धेरै उम्मेदवारलाई अत्यन्त छोटो समयका कारण निर्वाचन प्रचार प्रसारमा समस्या आएको बताए । नियोकका पर्यवेक्षकहरूको प्रतिवेदन अनुसार- निर्वाचनमा जो व्यक्तिले उम्मेदवारी दर्ता गरे, उम्मेदवारी दिनेहरूको मात्र मतपत्रमा चुनाव चिन्ह राख्नु पर्थ्यो । यसबाट स्वतन्त्र उम्मेदवारप्रति न्याय हुनुका साथै मतपत्रको आकार पनि घट्थ्यो । चुनाव चिन्ह प्रदान गरेको समय धेरै कम अवधिको भएकाले समेत प्रचार प्रसारमा समय नपुगेको उम्मेदवारहरूले बताए ।

- **मतदाता नामावली र दर्ता प्रक्रिया**

  निर्वाचन आयोगले वालिग मतदातालाई बैशाख २९ गतेका दिनसम्म १८ वर्ष पुगेकाहरुलाई परिचयपत्र वितरण गरेको थियो । मतदाता परिचय-पत्रको प्रयोगले धाँधली हुने, विवाद सृजना हुने र ढिलो हुने परम्पराको अन्त्य हुन्छ भनिए पनि कतिपय स्थानमा त्यस्तो भएको पाइएन । मतदानको केही दिन अघिमात्र परिचय-पत्र वितरण गरेका कारण मतदातामा अपेक्षित उत्साह देखिएन । निर्वाचनको एकदिन अघि मतदाता परिचय-पत्र नभएकाहरूका लागि नागरिकता लगायत अन्य परिचय खुल्ने आधिकारिक प्रमाण लिएर आउनेलाई मतदान प्रक्रियामा सहभागी हुन दिने घोषणा गरियो । मतदाता परिचय-पत्र घरघरमा पुऱ्याउन नसकी मतदान केन्द्रबाट वितरण गर्दा कम मतदान भएको र फर्जी मत खसेको पाइयो । लाखौं नयाँ मतदाताको नाम थपिए पनि ती मतदातालाई आफ्नो नाम सूचीमा समावेश भएको जानकारी नभएकाले मतदान प्रक्रियामा सामेल हुन सकेनन् । मतदाता परिचय-पत्र नपाएका र नाम छुटेका सङ्ख्या प्रशस्तै देखियो ।

- **मतदान स्थल र मतदान केन्द्रहरुको व्यवस्थापन**

  स्थानीय तह निर्वाचन २०७९ मा जनताको सहज पहुँच पुगोस् भन्ने उद्देष्यका साथ देशभरमा २१ हजार ९ सय ५५ मतदान केन्द्रहरुको स्थापना गरिएको थियो । हरेक जसो मतदान स्थलमा आवश्यकता अनुरुप दुई वा सो भन्दा बढी मतदान केन्द्रहरुको व्यवस्था गरिएको थियो । २०७४ को स्थानीय निर्वाचनमा १८ हजार ५ सय ७२ मतदान केन्द्रहरुको व्यवस्था गरिएको थियो । यसले मतदाताहरुलाई पक्कै पनि यस पटक मतदान गर्न सहज भएको थियो तैपनि कतिपय हिमाली तथा पहाडी जिल्लाहरुमा मतदान स्थल पुग्न पाँच छ घण्टा लागेको गुनासो आएको थियो ।


| प्रदेश | मतदान स्थल | मतदान केन्द्र | मतदाता |
|---|---|---|---|
| प्रदेश नं १ | १८७७ | ४०५१ | ३३,४७,३८४ |
| मधेश प्रदेश | २१६३ | ४१८९ | ३३,३१,१७० |
| बाग्मती प्रदेश | १७९२ | ४०९५ | ३४,१२, ८६९ |
| गण्डकी प्रदेश | १२५३ | २३०० | १७,८९,४११ |
| लुम्बिनी प्रदेश | १६२९ | ३८३२ | ३२,१९,४५७ |
| कर्णाली प्रदेश | ९०७ | १३८५ | १०, ०१२८२ |
| सुदूरपश्चिम प्रदेश | ११३५ | २१०३ | १६,३२,१५० |
| जम्मा | १०७५६ | २१९५५ | १,७७,३३७२३ |

*श्रोत: निर्वाचन आयोग*

- **आचार संहिताको परिपालना**

  स्थानीय तह निर्वाचनमा विगतमा भन्दा आचार संहिता कडाईकासाथ परिपालना गर्ने-गराउने कार्य देखिएको तर आचार संहिता मान्न् दलहरूको अट्टेर गर्ने वानी देखि निर्वाचन आयोग हैरान भई पछि कडाई गर्न छाडेको थियो ।

प्रचार प्रसारमा बर्जित गरिएका सवारी साधन, प्रचार सामग्री तथा प्रचार शैली केही ठाँउहरुमा संयमित, अनुशासित तथा व्यवस्थित हुन सकेको देखिएन । बालवालिकाको प्रयोग तथा बाचा-कसम खुवाउने, बाढी पीडित आर्थिक चुनौती भोगिरहेका तथा सुकुम्बासी टोलहरूमा झुटो आश्वासनका सपना बाँड्ने जस्ता क्षणिक लोकप्रिय प्रचार अभियानले स्वच्छ निर्वाचनको मापदण्ड धमिलो भएको छ । दलका कार्यकर्ताहरूले प्राय:जसो गाडी र मोटरसाइकलमा आफू संलग्न पार्टीका मापदण्ड भन्दा बृहत् आकारका झण्डा हाली सवारी कुदाएको पाइयो । सामाजिक सञ्जालमा विभिन्न् कोणबाट प्रतिस्पर्धी दललाई आचार संहिता विपरती गाली-गलौजको भाषा प्रयोग गरिएको पाइयो । निर्वाचन आयोगले कतिपय उम्मेदवारलाई फेसबुक तथा अन्य विद्युतीय सञ्चार माध्यम मार्फत् गलत सूचना सम्प्रेषण गरी आचार संहिता उल्लङ्घन गरेको भन्दै स्पष्टीकरण नै सोध्यो ।



स्थानीय तह निर्वाचनका सन्दर्भमा २०७८ चैत २५ गतेदेखि निर्वाचन आचारसहिता लागु भएको छ । निर्वाचन आचारसहिता लागु भएपश्चात् काउन्सिलले देशभरका सञ्चार माध्यमहरूको अनुगमन गरिरहेको छ । सञ्चार माध्यमबाट निर्वाचन आचारसहिता प्रतिकूल सामग्री सम्प्रेषण भएको देखिएमा तत्कालै कारबाही प्रकिया अगाडि बढाइ सोको जानकारी निर्वाचन आयोगलाई समेत गराईदै आएको छ । अनुगमनका कममा २०७८ चैत २६ गतेदेखि हालसम्म कुल १३९ सञ्चार माध्यमबाट १५० वटा आचारसहिता प्रतिकूल सामग्री सम्प्रेषण भएका छन् भने आचारसहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्ने ४४ वटा वेबपोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने गरी कारबाही गरिएको छ । आचारसहिता प्रतिकूल सामाग्री सम्प्रेषण गर्ने १३९ सञ्चार माध्यममध्ये ३६ वटालाई स्पष्टीकरण सोधिएकोमा २ सञ्चार माध्यमबाट पेस भएको स्पष्टीकरण चित्त बुझ्दो नदेखिएकोले प्रथम पृष्ठमा क्षमायाचना प्रकाशन गर्न निर्देशन दिइएकोमा सोही अनुसार प्रकाशन भएका छन् । केहीले तथ्य खुलाई क्षमायाचनासहित सामग्री हटाएका छन्, कतिपयले भूल सुधार गरि आगामी दिनमा आचारसहिता पालनामा प्रतिवद्ध रहने जनाएका छन् । यसैगरी ८१ वटा सञ्चार माध्यममा आचारसहिता पालनामा सजग रहन निर्देशन, १७ वटालाई सचेत र १७ वटालाई ध्यानाकर्षण गराइएको छ भने नियमानुसार दर्ता/सूचीकरण नभएका ४४ वटा वेबपोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने गरि कारबाही गरिएको छ । साथै पत्रकारको सामाजिक सञ्जालको प्रवृत्तिगत अध्ययन गर्ने कममा सामाजिक सञ्जाल (फेसबुक) बाट कुनै दल विशेष तथा उम्मेदवारको प्रचारप्रसार तथा मत आह्वान गर्ने २९ जना पत्रकारलाई ध्यानाकर्षण समेत गराइएको छ । विस्तृत विवरण यसैसाथ संलग्न गरिएको छ ।

***Source:***https://inseconline.org/en/news/15367/

- **प्रचार-प्रसार र खर्चको सीमा**

विगतमा भन्दा निर्वाचन अभियान भड्किलो एवम् खर्चिलो कम भएको छ । तरपनि धेरैले प्रचार-सामग्रीको प्रयोग तथा प्रचार-प्रसारको असामान्य शैलीले निर्वाचन खर्चमा तोकिएको हदवन्दी तोडिएको स्पष्ट हुन्छ । यसबाट विपन्न्, अनुसाशित, इमान्दार उम्मेदवार र खासगरी दलित र महिलाहरू प्रतिस्पर्धाको दौडमा ओझेलमा परेका छन् । निर्वाचन कानूनले प्रत्येक उम्मेदवारलाई खर्च गर्न पाउने आर्थिक सिमा तोकेको छ जस अन्तर्गत महानगरपालिकाको प्रमुख, उप-प्रमुखको लागि रु. ७५०,०००।- वडा अध्यक्ष र सदस्यको लागि रु. ३००,०००।-,वडा अध्यक्ष र सदस्यको लागि रु. ३००,०००।- । उप-महानगरपालिकाको प्रमुख र उपप्रमुखलाई रु. ५५०,०००।-, वडा अध्यक्ष र सदस्यको लागि रु. २५०,०००।- । नगरपालिकाको प्रमुख र उपप्रमुखको लागि रु. ४५०,०००।-, वडा अध्यक्ष र सदस्यको लागि रु. २००,०००।- । गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको लागिरु. ३५०,०००।- , वडा अध्यक्ष र सदस्यको लागि रु. १५०,०००।- खर्च गर्न पाउने कानूनी व्यवस्था गरेको थियो ।

उम्मेदवारहरूको खर्चको सीमा तोक्नमा निर्वाचन आयोग अत्यन्तै रूढाग्रही र अव्यावहारिक देखियो। चल्तीको बजार भाउ र प्रचारका लागि न्यूनतम बजेटको आवश्यकतालाई ध्यानै नदिई उम्मेदवारका लागि चुनावी खर्च सीमा तोकेपछि त्यसको उल्लङ्घन हुनु आश्चर्य भएन। त्यसैले केही उम्मेदवारहरुले आर्थिक सीमा नाघी गाडी, मोटरसाइकल, भोज भत्तेर खर्चमा प्रति दिन

१००,०००।- भन्दा बढी खर्च गरेको जानकारी प्राप्त भएको छ । तराईको अधिकांश जिल्लाहरुमा भारतइी प्लेटको गाडी प्रयोग गरी ऱ्यालीको आयोजना गरिएको पाइयो भने सर्बसाधारणका घरका छतमा दलहरुका झण्डा राख्न बाध्य पारिएको थियो ।

स्वतन्त्र उम्मेदवार जानकीराम साहको मत किन्न् खोजेको भन्दै मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारी चुनावी प्रचारको मौन अवधिमा जनकपुरधाममा पक्राउ परेका थिए । यस्तै नेकपा एमाले जनकपुर समितिका अध्यक्ष सुरेन्द्र भण्डारी पनि पक्राउ परेका थिए ।

- **निर्वाचन हिंसा**

  निर्वाचनको प्रचार-प्रसारसँगै प्रतिस्पर्धी दल र उम्मेदवारहरू बिच विगतमा झैं असहिष्णुताको भावना तीव्र भएबाट भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुनेमा मतदाताहरू पूर्णरुपमा विश्वस्त हुने आधार कम देखियो । गठबन्धनका दलहरु भित्र पनि केही अन्तर्दलइी मतभेद देखिन्थे । दल भित्रको विवाद र अन्तर्दलइी विवाद स्थानीय तह निर्वाचनमा सबैभन्दा गम्भीर चिन्ताको विषय थियो । निर्वाचनपूर्वको वातावरण पर्यवेक्षणका क्रममा दुर्व्यवहार, धरपकड, आक्रमण, तोडफोड र अन्य थुप्रै अवाञ्छित घटनाहरू अभिलेख भएका थिए । विशेष गरी ठुला राजनैतिक दलहरुले आमसभा र ऱ्याली आयोजना गरी मतदाताहरुलाई आकर्षण र त्रासको अवस्था सिर्जना गरेको देखियो । निर्वाचन पूर्वको अवधिमा मतदातालाई धम्की दिने, चुनावी ऱ्यालीमा हिंसा र चुनावी तयारीमा बाधा पुऱ्याउने प्रयास भएका थिए । निर्वाचन देशभर एकै चरणमा हुने भएकाले सुरक्षाका लागि जनशक्ति व्यवस्थापन गर्नु नेपाल सरकारलाई कठिन कार्य रहन गयो ।

- **निर्वाचन/मतदाता शिक्षा**

  निर्वाचन आयोग आफैंले गर्न सक्ने, गर्नैपर्ने र आर्थिक स्रोत साधन समेत उपलब्ध हुँदा समेत मतदाता शिक्षामा यस पटक पटक्कै ध्यान पुगेन। यसपालीको निर्वाचनमा मतदाता शिक्षा प्रभावकारी रुपमा नदिई विद्युतीय सञ्चार माध्यमको प्रयोगमाः सामाजिक सञ्जाल र अनलाइनमा सीमित गरिएको हुँदा मत बदरको प्रतिशत बढेको र मतदाता सहभागिता कमी आयो। यस पटकको निर्वाचनमा मतदाता शिक्षा केवल मतदान सूचनामा सिमित रहेको देखिँदा आम मतदाता किन, कहाँ र कसरी मतदान गर्नेमा अलमलमा रहे । यस सन्दर्भमा शिक्षाको पहुँच एवम् प्राविधिक कमजोरीलाई न्यूनीकरण गर्ने निर्वाचन आयोगको प्रतिवद्धता बमोजिम कार्यान्वयन पक्ष भने धेरै कमजोर देखियो । आयोगद्वारा मतदाता शिक्षा खासगरी दूर-दराजका गाउँ-बस्ती तथा पहिलोपटक मतदानमा सहभागी मतदाता-केन्द्रितबिलकूलै हुन सकेन । मतदाता शिक्षाको कमी र मतपत्र लामो भएका कारण मतदानको तौर तरिकामा मतदाताहरूमा अन्यौलता देखिएको हो ।

  खासगरी मतको मूल्य के हुन्छ भन्ने शिक्षा धेरै मतदातामा नरहेको देखियो भने कतिपय स्थानमा स्थानीय तहको निर्वाचनको मतपत्रबारे सिकाउँदा निरन्तर एउटै लाइनको ७ स्थानमा छाप लगाउने गरी सिकाइएको पाइयो । ग्रामीण भेगको तुलनामा सहरी भेगका मतदाताहरूको बदर मत प्रतिशत अत्याधिक उच्च देखिएको सन्दर्भमा सहर-केन्द्रित्मतदाता शिक्षा कार्यक्रम व्यवस्थित ढङ्गले सञ्चालन गरिएको पाइएन । मतदाता शिक्षाको लागि निर्वाचन आयोगसँगै राजनैतिक दल र उम्मेदवारहरू जतिसंवेदनशील हुनुपर्नेमा त्यस्तो भएको देखिएन । आफ्नो लागि मत माग्ने कार्यलाई उम्मेदवारले जुन महत्व दिए, आफ्नो मत बदर हुन नदिन भने पटक्कै ध्यान दिएको

पाइएन ।मतदान शिक्षामा गैसस, सञ्चार माध्यम, पेशागत, शैक्षिक र प्राज्ञिक तथा निर्वाचनसँग सम्बन्धित संस्थाहरूलाई प्रोत्साहित गरिनु पर्थ्यो । मतदाता शिक्षालाई राजनैतिक दलहरूले अभियानको रूपमा गाउँसम्म लैजान र कम्तिमा ३ महिना अघिदेखि मतदाता शिक्षा चलाउन जिल्लाहरूबाट सुझावहरू प्राप्त भएका छन् ।

- **निर्वाचन घोषणा, व्यवस्थापन र निर्वाचन आयोगको स्वतन्त्रता**

निर्वाचन आयोगले स्वच्छ, स्वतन्त्र र निष्पक्ष ढङ्गले भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन व्यवस्थापनका विविध पक्षमा काम गर्नुपर्ने हुन्छ । विशेषगरी निर्वाचन मिति घोषणा पश्चात् निर्वाचन व्यवस्थापन सम्बन्धी कार्य सुरु हुन्छ । निर्वाचन व्यवस्थापनको क्षेत्र र कार्य ज्यादै व्यापक छ । निर्वाचन व्यवस्थापनमा निर्वाचनको लागि गरिने कानुनी, प्रशासनिक कार्यदेखि निर्वाचित उम्मेदवारलाई प्रमाणपत्र उपलब्ध गराउनेसम्मका कार्य पर्छन् । त्यसैले निर्वाचन सम्बन्धी समग्र व्यवस्थापकीय कार्यलाई निर्वाचन व्यवस्थापनका रूपमा लिन सकिन्छ ।

स्थानीय तह निर्वाचन, २०७९

स्थानीय तह सदस्य निर्वाचन कार्यक्रम

| क.स. | क्रियाकलाप | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७९/०१/११ | २०७९/०१/१२ | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९/०१/१२ | | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७९/०१/१३ | | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ४ | मनोनयन पत्र जाँच गर्ने र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७९/०१/१४ | २०७९/०१/१५ | १०.०० | १७.०० | ऐ.ऐ. | २०७९/०१/१४ गते १०.०० बजेदेखि २०७९/०१/१५ गते १७.०० बजेसम्म |
| ५ | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९/०१/१५ | | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारले नाम फिर्ता लिने | २०७९/०१/१६ | | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९/०१/१६ | | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७९/०१/१७ | | १०.०० | १५.०० | ऐ.ऐ. | |
| ९ | मतदान | २०७९/०१/३० | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

*तालिका : स्थानिय निर्वचन कार्यक्रम २०७९*

- प्रत्येक मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतले सुरक्षित रूपमा प्राप्त गरेपछि मतगणना कार्य शुरू गर्नु पर्नेछ ।
- मतगणना कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले तत्काल निर्वाचन परिणाम घोषणा गर्नु पर्नेछ ।

सरकारको प्रत्यक्ष दवाव र प्रभावबाट यस पटक पनि निर्वाचन आयोगका काम-कारवाही पूर्णरुपमा स्वतन्त्र देखिएन । यसै गरी निर्वाचन आयोगबाट निर्वाचन सम्पन गराउने प्राविधिक एवम् नीतिगत क्षेत्राधिकारको अडान कायम गर्न नसक्दा निर्वाचन आयोगको स्वायत्तता स्खलन हुन पुगेको छ । स्थानीय तहको निर्वाचनको मिति तोक्नबिलम्व हुँदै जाँदा निर्वाचन व्यवस्थापनको काममा समस्या पर्ने भन्दै निर्वाचन आयोगले सरकारलाई ताकेता गरेता पनि,सुझाव अनुसार सरकारले मिति तोक्नमा ढिलाइ गरेका कारण निर्वाचन व्यवस्थापनको कार्य व्यवहारिक एवम् प्राविधिक कारणले केही जटिल भएको छ, यसपटक निर्वाचनको तयारीका लागि निर्वाचन आयोगलाई छोटो समय भएको र यसले धेरै मुद्दाहरूमा निर्वाचन आयोगलाई अनावश्यक तनाव हुनपुग्यो ।

- **लैङ्गिक एवम् समावेशी सवाल**

  कतिपय मतदानस्थल र केन्द्रहरू लैंगिक-मैत्री नभएका, अपांगता लगायत अन्य विशेष आवश्यकता भएका मतदाताहरू जस्तै जेष्ठ नागरिक, गर्भवती, सुत्केरी र विरामी मतदाताहरूलाई सहज वातावरणमा मतदानमा भाग लिन थुप्रै भौतीक एवम् प्राविधिक कठिनाईहरू भोग्नुपरेको विगतको अनुभवको आधारमा यस पटक पनि मतदान सहजीकरणमा विशेष व्यवहारिक प्रावधान अपनाइएको पाइएन ।

- **अन्य सरोकारका महत्वपूर्ण सवाल**

  - कतिपय राजनैतिक दलहरूबिच भएका असहज प्रकृतिका गठबन्धन र तालमेलका कारण दलका कार्यकर्ता र समर्थकहरूमा नैराश्यता र वितृष्णा पाइयो । एजेण्डा र जनपक्षइी कार्यक्रमकम सहितको रोडम्याप बिना गठबन्धनबाटै निर्वाचन जित्ने ध्येयका साथ दलहरु निर्वाचन केन्द्रित भएका थिए । उनीहरु पछिल्लो समय निर्वाचन परिणाम कसरी आफ्नो पक्षमा पार्ने र बढी भन्दा बढी स्थानीय तह आफ्नो भागमा लिने जोड घटाउमा लागेको मात्रै गरेको पाइयो ।


  - स्थानीय तहको निर्वाचनमा महिला प्रतिनिधित्वको सम्भावना व्यापक एवम् ऐतीहासिक हुने भनिएता पनि राजनैतिक दलहरहरु बिच भइरहेको तालमेल लगायत अन्यकारणले प्रमुख पदहरुमा महिलाहरुको उम्मेदवारी अपेक्षाकृत रुपमा न्यून देखिएको छ ।

  - अघिल्लो स्थानीय चुनावको अनुभवले ठुला नगरपालिकाहरूको मतगणना अत्यन्त ढिलो हुने पाठ सिकाएको तर्फ पनि आयोगको खासै ध्यान गएको देखिएन। पर्याप्त सङ्ख्यामा गणनास्थल, कर्मचारी, सुरक्षा व्यवस्था आदिको आवश्यक प्रबन्ध गरेर धरै मतपेटिकाहरू एकै पटक गणना गर्ने व्यवस्था गर्न सकिने थियो तर गरिएन। त्यसबाट ठुलो आकारका मतपत्र भएका पालिकाहरूको अन्तिम परिणाम आउन हप्ता-दस दिन सम्म लाग्न गयो ।

  - नेपालको लोकतन्त्र, गणतन्त्र र अर्थतन्त्रमा विशिष्ट योगदान पुऱ्याएका लाखौं युवा शक्ति मुलुक बाहिर रहेको सन्दर्भमा निर्वाचन प्रक्रियामा सहभागिता सुनिश्चित गराउने संवैधानिक कानुनी एवम् नीतिगत व्यवस्थाको अभावमा उनीहरूको अधिकार र स्वामितव नरहनु लोकतन्त्रको स्थायीत्वको निम्ति प्रतिकूल देखिन्छ ।

**तथ्याङ्कहरू:**

नियोकले ७७ जिल्लाबाट भरिएका पर्यवेक्षण प्रश्नावली सङ्कलन गरेको थियो । जसको विश्लेषण तल दिइएको छ । यो विश्लेषणको लागि ७ वटा प्रश्नहरु सोधिएकाथिए जसलाई परिमाण निर्धारण लिकर्ट स्केल (Likert Scale) मा गरियो । लिकर्टस्केलमा गर्दा हरेक प्रश्नहरुलाई अतीराम्रो, राम्रो, ठिकै, नराम्रा र अतीनराम्रो भर्ने विकल्प दिइएको थियो ।




प्रश्न नः १ मा स्वतन्त्र, स्वच्छ र शान्तिपूर्ण निर्वाचनको अवस्थालाई ५३ प्रतिशतले धेरै राम्रो भनेका छन्, राम्रो भनेर ३३ प्रतिशतले भनेका छन् । अती नराम्रो भनेर ४ प्रतिशतले भनेका छन् । यस्तै सुरक्षाको वातारणमा ५३ प्रतिशतले राम्रो सुरक्षा भनेका छन् ।मतदानमा खटिने कर्मचारीको मतदानको आबस्यकता र प्रकृयाको बारेको जानकारी अती राम्रो भनेर ३२.८९ प्रतिशतले भनेका छन् यस्तै खराव थियो भनेर ६.५७ प्रतिशतले भनेका छन् । ६५ प्रतिशतले निर्भयपूर्ण रुपमा निर्वाचन वातावरण थियो भनेर उल्लेख गरेका छन् भने अती खराव भनेर ५ प्रतिशत ले भनेका छन् । मतदाताहरुको मतदान गर्ने तरिका सम्बन्धी सोधिएको प्रश्नमा ६ प्रतिशतले राम्रो अती राम्रो थियो भने ४६ प्रतिशतले राम्रो भनेका छन् । ५.२६ प्रतिशतले अती खराव थियो भनेका छन् भने १५.७८ प्रतिशतले खराव थियो भनेका छन् ।

## परिच्छेद-६

# मतदानको दिनको समग्र अवस्था


*तस्बिरः स्थानीयतह निर्वाचन २०७९ को पर्यवेक्षण, काठमाडौं*

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले२०७९बैशाख ३०गते सम्पन्न भएको स्थानीय तह निर्वाचनमा ७ प्रदेशका ७७ जिल्लाका सबै स्थानीय तहमा पर्यवेक्षण सम्पन्न गरेको छ । नियोकले केन्द्रबाट समाजका लब्ध-प्रतिष्ठित व्यक्तित्वहरु, विभिन्न् पेशा व्यवसायमा ख्यातीप्राप्त एवम् नागरिक समाजका अग्रजहरु रहेको विशिष्ट पर्यवेक्षकहरुको समूह परिचालित गरेको थियो भने नियोक जिल्ला तथा प्रादेशिक समितिबाट परिचालित राष्ट्रिय पर्यवेक्षकहरुले आ-आफ्नो तोकिएको स्थानमा पर्यवेक्षण सम्पन्न गरेका थिए । यसै सन्दर्भमा काठमाडौंको नयाँ वानेश्वरस्थित अल्फा बिटा कम्प्लेक्सको चौथो तलाको सभाकक्षमा निर्वाचन सम्बन्धी सूचना सङ्कलन र सम्प्रेषणका लागि “पर्यवेक्षण कल सेन्टर” स्थापना गरी मूलतः संस्थाद्वारा परिचलित पर्यवेक्षक वाट तथ्य एवम् सूचना सङ्कलन गरेको थियो ।

*पर्यवेक्षणको क्रममा निम्नलिखित पक्षहरुमा केन्द्रित भई “पर्यवेक्षण कल सेन्टर” वाट सूचना सङ्कलन गरिएको थियो जुन नियोकका स्थायी पर्यवेक्षकहरु (मतदान केन्द्रहरूमा सीमित) द्वारा पर्यवेक्षण गरिएको तथ्यमा आधारित छ ।*

### क.मतदान केन्द्र आरम्भको समग्र अवस्था

***प्रत्यक्ष पर्यवेक्षण तथ्याङ्कः***

- ८४.४३ % मतदान केन्द्र ७:०० बजेदेखि ७:१५ बजेसम्म खुलेको
- ९.७३ % वटा मतदान केन्द्र ७:१६ देखि ७:३० बजेसम्म खुलेको
- ५.६० % वटा मतदान केन्द्र ७:३१ देखि ८:०० बजेसम्म खुलेको
- एउटा मतदान केन्द्र १ घण्टा ढिलो खुलेको

- **मतदान केन्द्रको ३०० मिटर भित्र प्रचार-प्रसारका सामग्रीको अवस्थाः**
  ***प्रत्यक्ष पर्यवेक्षण तथ्याङ्कः***
  - १७ वटा मतदान केन्द्रहरुमा (४.१४ %)बाहिर मत किन्ने जस्ता कृयाकलाप भएको पाइयो ।

- **मतदान केन्द्रमा ७ जना निर्वाचनका कर्मचारीको उपस्थिति रहेको थियो :**
  ***प्रत्यक्ष पर्यवेक्षण तथ्याङ्कः***

- निर्वाचन आयोगको प्रतिवद्धता बमोजिम हरेक मतदान केन्द्रमा कम्तीमा ७ जना मतदान कर्मचारी (३ जना स्वयम् सेवकहरू समेत) उपस्थित थिए। (९८.५% केन्द्रहरुमा ७ जना मतदान कर्मचारी उपस्थित थिए)

- **मतदान केन्द्रमा निर्वाचनका लागि आवश्यक सामग्रीको अवस्था**

  सबै मतदान केन्द्रहरुमा निर्वाचनमा आवश्यक सबै सामग्री उपलब्ध भएको पाइयो । नियोकका पर्यवेक्षकहरुको अनुसार मतदानको अवस्था सामान्यतः शान्त थियो, मतदान गर्न आउने मतदाताहरुको सङ्ख्या उल्लेखनीय एवम् उत्साहजनक थियो । सिङ्गो निर्वाचन प्रक्रियालाई असर गर्ने प्रकृतिका घटनाको सूचना प्राप्त भएन । सुरक्षा निकाय तोकिएको स्थान र कर्तव्यमा तैनाथ रहेको पाइयो ।

**ख.<u>मतदान प्रकृयाको समग्र अवस्था</u>**

- **मतदाताहरुको नाम मतदाता सूचीमा रुजु गरिएको अवस्था :**

  ***प्रत्यक्ष पर्यवेक्षण तथ्याङ्क:***

  ३७९ (९८.७०%) वटा मतदान केन्द्रका पर्यवेक्षकहरुबाट मतदाताहरुको नामावलीमा रुजू गरिएको भन्ने प्रारम्भिक पर्यवेक्षणबाट प्राप्त भयो ।

- **मतदाताहरुको औंलामा मसी लगाइएको अवस्था :**

  ***प्रत्यक्ष पर्यवेक्षण तथ्याङ्क:***

  ३७९ (९८.७०%) वटा मतदान केन्द्रहरुमा मतदाताहरु सबैको औंलामा मसी लगाएको पाइयो ।

- **मतदान कक्षको गोपनीयता सुनिश्चिताको अवस्था :**

  ***प्रत्यक्ष पर्यवेक्षण तथ्याङ्क:***

  जम्मा एक मतदान केन्द्रमा पूर्ण रुपमा गोपनीयता सुनिश्चित नगरेको सूचना प्राप्त भयो ।

- **योग्य मतदाताहरुले मतदान गर्न पाए-नपाएको अवस्थाः**

  ***प्रत्यक्ष पर्यवेक्षण तथ्याङ्क:***

  जम्मा २३ वटा मतदान केन्द्रमा (५.१९५) १–१० योग्य मतदाताहरुले मतदान गर्न नपाएको ।

- **केही व्यक्ति वा समूहले मतदातालाई धम्क्याउने/प्रभाव पार्ने काम गरेको अवस्थाः**

  ***प्रत्यक्ष पर्यवेक्षण तथ्याङ्क:***

  जम्मा १३ (३.३८५) मतदान केन्द्रमा केही व्यक्ति/समूहले मतदातालाई प्रभाव पार्ने अनुचित काम गरेको पाइयो ।

- **कुनै मतदाताले एक भन्दा बढी पटक मतदान गरेको/गर्न प्रयत्न गरेका।**

  ***प्रत्यक्ष पर्यवेक्षण तथ्याङ्क:***

  जम्मा ६ मतदान केन्द्रमा मतदाताहरुले एक भन्दा बढी पटक मतदान गर्न प्रयत्न गरेको पाइयो ।

## ग. मतदान समापन प्रकृयाको पर्यवेक्षण समीक्षाः

- **मतदान केन्द्र बन्द भएको समय**
  नियोकले पर्यवेक्षण गरेका मतदान केन्द्र मध्ये १२ मतदान केन्द्र (३.११ प्रतिशत) ५ बजे पूर्व बन्द भएका थिए, ३४१ मतदान केन्द्र (८८.३४ प्रतिशत) ५:०० देखि ५:१५ भित्र बन्द भएका थिए भने २१ मतदान केन्द्र (५.४४ प्रतिशत) ५:३० देखि ६:०० बजे बन्द भएका थिए । त्यसैगरी, १२ मतदान केन्द्रहरुमा साँझको ६ बजेसम्म पनि मतदान भइरहेको अवस्था थियो ।

- **प्रयोगमा नआएका मतपत्रहरुको व्यवस्थापन**
  नियोकले पर्यवेक्षण गरेका मतदान केन्द्र मध्ये ३८१ मतदान केन्द्रहरु (९८.७० प्रतिशत) मा प्रयोगमा नआएका मतपत्रहरु गणना गरी छुट्टै खाममा राखी व्यवस्थापन गरिएको थियो ।

- **पर्यवेक्षकलाई समापन प्रक्रिया पर्यवेक्षण गर्न दिइयो**
  नियोकले पर्यवेक्षण गरेका मतदान केन्द्र मध्ये जम्मा ७ वटा मतदान केन्द्रमा (१.३० प्रतिशत) पर्यवेक्षकलाई समापन प्रक्रिया पर्यवेक्षण गर्न नदिइएको पाइयो ।

- **मतदान स्थगन र पुनः सञ्चालन**
  नियोयको कल सेन्टरमा ३८६ वटा मतदान केन्द्रको प्राप्त सूचना अनुसार जम्मा ३५ (९.०७ प्रतिशत) स्थानमा केही समय मतदान प्रक्रिया अवरुद्ध भएको र पछि धेरैजसोमा पुनः सञ्चालन भएको थियो ।

- **खसेको जम्मा मत**
  नियोकले ३८६ पर्यवेक्षकहरुलाई प्रत्यक्ष सम्पर्क गरी सूचना सङ्कलनका आधारमा मतदान केन्द्रहरुमा **६३.८७** प्रतिशत मत खसेको जानकारी आएको थियो ।

स्थानीय तहमा गरिएको नियोकको पर्यवेक्षण अनुसार सम्पन्न स्थानीय तहको निर्वाचन केही छिट्पुट् घटना बाहेक सामान्यतः शान्तिपूर्ण र उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको छ । नयाँ संविधान जारी भए पश्चात्को दोस्रो स्थानीय तह निर्वाचनमा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत आम मतदाताहरुको उपस्थिति उत्साहजनक रहेको पाइयो । मतदाताहरुको उत्साहजनक सहभागिताले लोकतन्त्रमा निर्वाचनप्रति जनताको थप विश्वसनीयता स्पष्ट देखिएको छ । निर्वाचन अवधिभर निर्वाचन आयोगको मतदान व्यवस्थापनमा सामान्य प्राविधिक त्रुटी बाहेक समग्रमा सन्तोष जनक तरिकाले निर्वाचनको कार्यक्रम सम्पन्न भएको छ । मतदानका क्रममा कतिपय जिल्लाका केही मतदान केन्द्रमा भएका अनियमितताका गतिविधिले मत दाताहरुलाई असहज अवस्था सिर्जना गर्ने प्रयास भएको थियो । कतिपय स्थानमा भोजभतेर लगाउने, मतदाता किनबेच जस्ता दुस्शाहस गर्ने, मतदान केन्द्रभित्र मुठभेड गर्ने, एकै व्यक्तिले बहुमतदान गर्न खोज्ने, मतदानका दिन समेत प्रचारप्रसार गर्ने जस्ता आचार संहिता उल्लङ्घनका घटनाहरु अभिलेख गरिएका छन् । मतदानमा अवरोध गर्न खोज्ने कतिपयलाई सम्बन्धित निकायले अविलम्ब नियन्त्रणमा लिई मतदान कार्यमा अवरोध हुन नदिएको पाइयो ।

स्थानीय तह निर्वाचनमा बझाङ जिल्लाको जयपृथ्वी नगरपालिकाको सुवेडामा रहेको सुनीपिपल चौर मा. वि. मतदान केन्द्रमा गठबन्धन र नेकपा एमालेका कार्यकर्ता बिच विवाद बढ्दै जाँदा सुरक्षा निकायले स्थिति नियन्त्रणमा लिन हवाइ फायर समेत गर्नु परेको, त्यसैगरी सोही नगरपालिकाको १ नं. वडामा रहेको मतदान केन्द्र वरीपरी तीन ठाउँमा विस्फोटक पदार्थ भेटिएको र पछि नेपाली सेनाले डिस्पोज गरेको थियो जसले गर्दा केही समय स्थिति तनावपूर्ण रहन गयो । यसैगरी, हुम्ला

जिल्लाको चंखली गाउँपालिका २ स्थित महादेव मा. वि. मतदान केन्द्रमा नेकपा एमाले र गठबन्धन बिच झडप हुँदा मतदान केन्द्रमा खटिएका दुई जना कर्मचारी घाइते भएका थिए र एक जनालाई उपचारको लागि सुर्खेत लानु परेको थियो ।

यसैगरी बाजुराको बुढीनन्दा नगरपालिका- ९ पाण्डुसैनस्थित अगाउपानीमा कांग्रेस र एकीकृत समाजवादीका कार्यकर्ता बिच निर्वाचनका दिन दिनभर झडप भयो । झडपमा १० प्रहरी, कांग्रेसका तीन र समाजवादीका दुई कार्यकर्ता घाइते भएका थिए । समाजवादीका जिल्ला सचिव पुरबहादुर रावतमाथि खुकुरी प्रहार भएको थियो । यसै बिच, सर्लाहीको चक्रघट्टा गाउँपालिका १ मा रहेको मतदान केन्द्रमा राजपा र नेकपा माओवादी (केन्द्र) का कार्यकर्ता बिच विवाद हुँदा प्रहरीले हवाइ फायर समेत गर्नु परेको थियो । त्यसैगरी, रामेछापका विभिन्न् चार मतदान केन्द्रमा फरक दल बिच उत्पन्न विवादका कारण केही समय मतदान प्रक्रिया अवरुद्ध हुनुका साथै खाँडादेवी मतदान केन्द्रमा हवाइ फायर समेत गर्नुपर्ने अवस्था उत्पन्न हुन पुग्यो । देशका विभिन्न् मतदान केन्द्र आसपासमा प्रायः सबै राजनैतिक दलहरुले मतदाताहरुलाई आकर्षित गर्ने प्रयोजनले खाजा खाना वितरण समेत गरेको पाइयो ।

मतदान बिथोल्ने नियतबाट भएका यी तथा अन्य गतिविधिका बाबजुद् समग्रमा निर्वाचन शान्तिपूर्ण र उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको छ । स्थानीय जनताप्रति उत्तरदायी स्थानीय निकायको स्थापना हुने कुरामा नियोक विश्वस्त रहेको छ । निर्वाचनको सम्पूर्ण अवधिभर निर्वाचन आयोगका कर्मचारीहरुको कार्यसम्पादन प्रशंसनइी र प्रभावकारी रहेको थियो । सुरक्षा निकायको उपस्थिति तथा कार्य ज्यादै सराहनइी देखिएको थियो । उम्मेदवारहरु, राजनैतिक दलका कार्यकर्ताहरु तथा समर्थकहरुको व्यवहार संयमित तथा आपसी सद्भावपूर्ण रहेको देखियो । मतदान केन्द्रहरुमा नियोक लगायत अन्य पर्यवेक्षण संस्थाका पर्यवेक्षकहरुको उपस्थिति भएको पाइयो ।

**तथ्याङ्कहरू :**

***निर्वाचनका दिन नियोकका पर्यवेक्षकहरुले प्रश्नावलीको आधारमा पठाएको प्रतिवेदनमा आधारित विश्लेषण तल दिइएको छ । प्रश्नावलीलाई ६ वटा मुख्य शीर्षकहरुमा विभाजन गरिएको छ । ती शीर्षकहरुमा:***

१) निर्वाचन वरिपरिको वातावरण, यो शीर्षक अन्तर्गत ५ वटा प्रश्नहरु सोधिएका छन्,

२) मतदान खोल्नु अगाडिको अवस्था: यो शीर्षकमा ८ वटा प्रश्नहरु सोधिएका छन्,

३) मतदान प्रकृया: यो शीर्षकमा १५ वटा प्रश्नहरु सोधिएका छन्

४) मतदान बन्द हुनु अगाडि: यो शीर्षकमा १० वटा प्रश्नहरु सोधिएका छन्,

५) अन्य: यो शीर्षकमा १ प्रश्न सोधिएको छ,

६) घटनाको विवरण:

***नियोकका पर्यवेक्षकहरूबाट सूचनाहरु सङ्कलन गरी भरिएका प्रश्नावलीहरूको कूलसङ्ख्या यसप्रकार छन् ।***

| क्र.सं. | प्रदेश | सङ्ख्या | प्रतिशत | वैध प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रदेश नं.१ | १६८ | १६.३ | १६.३ |
| २ | मधेस प्रदेश | ९६ | ९.३ | ९.३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | बाग्मती प्रदेश | २३६ | २२.९ | २२.९ |
| ४ | गण्डकी प्रदेश | १६० | १५.५ | १५.५ |
| ५ | लुम्बिनी प्रदेश | १५४ | १५.० | १५.० |
| ६ | कर्णाली प्रदेश | ११६ | ११.३ | ११.३ |
| ७ | सुदुर पश्चिम प्रदेश | १०० | ९.७ | ९.७ |
| | ***जम्मा*** | **१०३०** | **१००** | **१००** |

## १) निर्वाचन वरिपरिको वातावरण

| | **प्रश्नहरु** | **थियो** | ***प्रतिशत*** | **थिएन** | ***प्रतिशत*** |
|---|---|---|---|---|---|
| १ | के मतदान केन्द्र महिला, जेष्ठ नागरिक लगायत अन्य विशेष आवश्यकता भएका मतदाताहरुका लागि पायक पर्ने थियो ? | १००६ | *९७.७* | २४ | *२.३* |
| २. | के मतदान केन्द्र प्रष्ट देखिने ठाँउमा थियो ? | १०३० | *१००* | | |
| ३. | के प्रचार प्रसारका सबै सामग्रीहरु मतदान केन्द्र भन्दा ३०० मिटरको परिधीबाट हटाइएका थिए ? | १०३० | *१००* | | |
| ४. | के मतदान केन्द्रमा व्यवस्थित तरिकाले मतदाताहरुको पङ्ति लगाइएको थियो ? | १०३० | *१००* | | |
| ५. | के मत किन्ने जस्ता कुनै कृयाकलापहरु भएका थिए ? (जस्तै खाना वा पेय पदार्थ बाँड्ने) | | | १०३० | *१००* |

## २) मतदान खोल्नु अगाडिको अवस्था:

| | प्रश्नहरु | **थिए** | ***प्रतिशत*** | **थिएन** | ***प्रतिशत*** |
|---|---|---|---|---|---|
| ६ | के मतदान अधिकृतले मतदान शुरु गर्नुअघि रित्तो मतपेटिका देखाएका थिए ? | १०३० | *१००* | ० | *०* |
| ७ | के मतपेटीका सिलबन्दी गरिएका थिए ? | ८२५ | *८०.१* | २०४ | *१९.८* |
| ८. | के मतपेटीका सिलबन्दी भएपछि उक्त कम सङ्ख्यालाई टिपोट गरिएको थियो ? | १०३० | *१००* | ० | *०* |
| ९. | के मतदान केन्द्रमा कम्तीमा ७ जनाकर्मचारीहरु(३जना स्वयम् सेवकहरू समेत) उपस्थित थिए ? | १०३० | *१००* | ० | *०* |
| १०. | मतदान कर्मचारीहरुको सङ्ख्या | न्युनतम–अधिक्तम प्रति मतदान केन्द्रमा | | | ७-८ |
| ११. | मतदान प्रतिनिधिहरुको सङ्ख्या. | न्युनतम–अधिक्तम प्रति मतदान केन्द्रमा | | | ७-१५ |
| **११.१.मतदान प्रतिनिधिहरुमा लैङ्गिक उपस्थितिको सङ्ख्या** | | सङ्ख्या | प्रतिशत | | |
| | महिला १ देखि ३ | ९७५ | ९४.७ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४ देखि ६ | | ५५ | | ५.३ | |
| | जम्मा | | १०३० | | १०० | |
| १२. | उल्लेख गरिएका सामग्रीहरु मध्ये कुनै नभएको भए चिन्ह लगाउनुहोस् (जुन जुन थिएनन् ती सबैमा चिन्ह लगाउनुहोस्) | **भएको** | *प्रतिशत* | **नभएको** | *प्रतिशत* | कैफियत |
| | मतपेटिका | १०३० | १०० | | | सबै भएका |
| | मतपत्र | १०३० | १०० | | | |
| | मतदाताहरुको सूची | १०३० | १०० | | | |
| | छाप | १०३० | १०० | | | |
| | मसी | १०३० | १०० | | | |

**३) मतदान प्रकृया :**

| **प्र नं.** | **प्रश्नहरु** | **थिए** | ***प्रतिशत*** | **थिएन** | ***प्रतिशत*** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १४ | .कुन समयमा मतदान शुरु भएको थियो ? | | | | | |
| | ०७:००-०७:१५ | १००४ | ९७.५ | ० | ० | ठीकसमय |
| | ०७:१६-०७:३० | २६ | २.५ | ० | ० | तयारीमा अलि ढिला |
| | ०७:३१-०८ | ० | ० | ० | ० | |
| | ०८:०० + | | | | | |
| १५. | के मतदाता सूचीमा मतदाताहरुको नाम रुजु गरिएको थियो ? | | | | | |
| | सँधै | १०३० | १०० | ० | ० | |
| | कहिलेकाहीँ | | | | | |
| | एकदमै कम | | | | | |
| | थिएन | | | | | |
| १६. | के मतदाताहरुको परिचयपत्र रुजु गरिएको थियो | १०३० | १०० | ०० | | |
| १७. | के मतदाताको बायाँ हातको बुढी औंलामा मसी लगाइएको थियो ? | | | | | |
| | सँधैं | १०३० | १०० | ० | ० | |
| | कहिलेकाहीँ | | | | | |
| | एकदमै कम | | | | | |
| | थिएन | | | | | |
| १८. | के मतदान केन्द्रमा मतदाताहरुको गोपनीयता सुनिश्चित गरिएको थियो ? | १०३० | १०० | ०० | ०० | |
| १९. | मतदाता नामावलीमा नाम भएका कती जना मतदाताहरुले मतदान गर्न पाएनन् ? | ०० | ०० | ०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १-१० | | | | | |
| | ११-२५ | | | | | |
| | २५-५० | | | | | |
| | ५०भन्दा माथि | | | | | |
| २०. | मतदाता नामावलीमा नाम नभए पनि मतदान गर्न पाएका कती जना थिए ? यदि थिए भने कती जना थिए ? | थिए | | थिएन | | थिए भने सङ्ख्या? |
| | ० | | | १०३० | ०० | |
| | १-१० | | | | | |
| | ११-२५ | | | | | |
| | २५-५० | | | | | |
| | ५० भन्दा माथि | | | | | |
| | | **थिए** | ***प्रतिशत*** | **थिएन** | ***प्रतिशत*** | |
| २१. | के कुनै अनाधिकृत व्यक्ति मतदान केन्द्र भित्र देखिएका थिए ? | ० | ० | १०३० | १०० | |
| २२. | के कुनै मतदाताले एक भन्दा बढी पटक मतदान गरेका थिए ? | ० | ० | १०३० | १०० | |
| २३. | के मतदान केन्द्र कुनै एक दलको नियन्त्रणमा रहेको थियो ? | ० | ० | १०३० | १०० | |
| २३.१. | केही मात्रामा प्रतिबन्ध थियो ? | ० | ० | १०३० | १०० | |
| २४. | कुनै कारणले के मतदान केन्द्र मतदान भई रहेको समयमा बन्द भएको थियो ? | | | १०३० | १०० | |
| २५. | मतदानकै क्रममा के कुनै अवाञ्छित घटना भएको थियो ? | ० | ० | १०३० | १०० | |
| २६. | के सहायता चाहिने मतदातालाई सही तरिकाले मतदान गर्नका लागि आवश्यक सहयोग गरिएको थियो ? | | | | | |
| २७. | के मतदान केन्द्रमा कुनै सामग्री बिग्रेको थियो ? | | | | | |
| २८. | के तपाइले (पर्यवेक्षकले)मतदान प्रकृयाका सबै पक्षहरु राम्रोसँग हेर्न पाउनु भएको थियो ? | | | | | |

## ४) मतदान बन्द हुनु अगाडिः

| **प्र.न.** | **प्रश्नहरु** | **थिए** | ***प्रतिशत*** | **थिएन** | ***प्रतिशत*** |
|---|---|---|---|---|---|
| २९. | के निर्वाचन अधिकृतले मतदानको समय सकिन लागेको सार्वजनिक सूचना जारी गरेका थिए ? | १०३० | १०० | | |
| ३०. | के मतदाताहरु ५:०० बज्दा पनि पङ्तिमा थिए ? | १०३० | १०० | | |
| ३०.१. | यदि थिए भने के ५:०० बजे सम्म पङ्तिमा भएका | १०३० | १०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मतदाताहरुलाई मतदान गर्न दिइएको थियो ? | | | | |
| ३१. | मतदान केन्द्र कती बजे बन्द भएको थियो ? | | | | |
| | ०५:०० बजे भन्दा अगाडि | १०३० | १०० | | |
| | ०५:००-०५:३० | | | | |
| | ०५:३०-०५:४५ | | | | |
| | ०६:०० | | | | |
| ३२. | के तपाईलाई मतदान केन्द्र बन्द हुने र मतपेटिका लोड गर्ने प्रकृया पनि हेर्न दिइएको थियो ? | १०३० | | | |
| ३३. | के मतदान बन्द गर्दा मतपेटिकामा मतपत्र खसाल्ने प्वालमा सुरक्षण शील लगाई मुचुल्का खडागरिएको थियो ? | १०३० | | | |
| ३४. | के प्रयोग नभएका मतपत्रहरू राम्ररी गनेर छुट्टै खाममा शीलबन्दी गरिएको थियो ? | १०३० | | | |
| ३५ | के बिग्रिएका मतपत्रको सङ्ख्या रेकर्ड गरिएको थियो ? | १०३० | | | |
| ३६. | के तपाईले मतपेटिका उठाउने र ढुवानी गर्ने प्रकृया पनि अवलोकन गर्नु भएको थियो ? | १०३० | | | |
| ३७. | के मतपेटिका ढुवानी गर्ने कार्य तोकिएको निकायबाट भएको थियो ? | १०३० | | | |
| ३८. | के उम्मेदवारका प्रतिनिधिहरु ढुवानी गरिएका मतपेटिकाहरुका साथ वा छुट्टै गाडीमा तोकिएको निकायसँगै जान पाएका थिए ? | | | | |

**५) अन्य:**

| प्र.न. | प्रश्नहरु | थिए | *प्रतिशत* | थिएन | *प्रतिशत* |
|---|---|---|---|---|---|
| ३९. | के निर्वाचनका क्रममा कुनै न कुनै रुपमा बालबालिका प्रयोग वा संलग्न भएका थिए ? | | | | |
| ३९.१. | उमेर समूहको सङ्ख्या उल्लेख गनुहोस | | | | |
| | | | | | |
| | | | | | |
| ३९.२. | यदि थियो भने कसले र कसरी प्रयोग गरेका थिए ?: | | | | |
| | नाम: | | | | |
| | | | | | |

## ६. निश्कर्षमा

### ६.१ मतदानस्थल :

मतदान स्थलले मतदानको प्रतिशतमा असर गर्दछ भन्ने अध्ययन हुन बाँकी नै छ तर नियोकबाट खटिएका पर्यवेक्षकहरुले देखे अनुसार निर्वाचन स्थलले, असक्त, अपाङ्ग व्यक्तिहरुलाई मतदान केन्द्रको अवस्थाले असर गरेको थियो । केही मतदान केन्द्र अत्यन्तै साँगुरो, अपाङ्गता भएका र जेष्ठ नागरिकहरुलाई असहज भएको देखियो । यस्ता देशव्यापीरुपमा आएका प्रतिवेदनमा १ हजार २८ प्रतिवेदनहरुको विश्लेषण गर्दा ३ प्रतिशत झन्डै ३१ वटा मतदान केन्द्र यस्ता देखापरेका थिए । मतदान स्थलहरु पायक पर्ने स्थान भन्दा टाढा र असहज ठाउँमा भएकाले मतदानको प्रतिशतमा असर गरेको निर्क्यौल रहेको छ । भिन्न् क्षमता भएका व्यक्तिहरुलाई विशेष व्यवस्था नभएका मतदान स्थलहरु १० प्रतिशत पाइए । विशिष्ट व्यक्तिहरुको प्रतिवेदनमा यी तथ्यहरु पनि भेटएका छन् ।

| कहाँ कती मत खसे ? | |
|---|---|
| **प्रदेश १** | ६५.३५ % |
| **मधेस** | ६७.६९ % |
| **बाग्मती** | ६४.१६ % |
| **गण्डकी** | ६८.२८% |
| **लुम्बिनी** | ६६.७९% |
| **कर्णाली** | ७० % |
| **सुदूरपश्चिम** | ६५.८० % |


### ६.२ मतदान र मतदाताको सहभागिता:

विभिन्न् प्रदेशहरुमा खसेको मतमध्ये ७० प्रतिशत मत कर्णाली प्रदेशमा खसेको थियो भने यो नै सवैभन्दा बढीमत खसेको प्रदेश हो । ६४.१६ प्रतिशत बाग्मती प्रदेशमा खसेको थियो । सबै प्रदेशहरुमा खसेका मतको तालिकामा उल्लेख गरिएको छ । [१९]

### ६.३ निर्वाचनका दिनको सुरक्षा स्थिति

स्थानीय निर्वाचन २०७९ मा तीन घेरामा सुरक्षा व्यवस्था गरिएको थियो । पहिलो घेरामा नेपाल प्रहरी, दोश्रोमा सशस्त्र प्रहरी र तेश्रो घेरामा नेपाली सेना खटाइएको थियो । उपत्यकामा १हजार २ सय ६६ मतदान केन्द्रहरु मध्ये २ सय १ मतदान केन्द्र सुरक्षाको दृष्टिले सम्वेदनशील मानिएका थिए ।[२०] त्यसैले उपत्यकामा ८ हजारको सङ्ख्यामा प्रहरी र म्यादी प्रहरी गरेर खटाइएको थियो । सुरक्षाको सम्वेदनशीलता हेरेर प्रत्येक मतदान केन्द्रमा ८ देखि ११ सुरक्षाकर्मी खटिने भएका थिए । जम्मा २ लाख ५० हजारको सङ्ख्यामा सुरक्षा कर्मी खटाइएका थिए ।

निर्वाचन आयोग र सुरक्षा निकायका प्रतिनिधिहरूको प्रतिनिधित्व हुनेगरी आयोगले संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) स्थापना गरेको थियो । स्थानीय तह निर्वाचनलाई व्यवस्थित र प्रभावकारी बनाउन आयोगका सहसचिव तथा प्रवक्ता शालिग्राम शर्मा पौडेलको संयोजकत्वमा केन्द्र स्थापना गरिएको थियो । यो केन्द्रमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र सुरक्षा निकायका राजपत्राङ्कित द्वितइी श्रेणीका अधिकृतहरूको प्रतिनिधित्व रहेको आयोगले प्रकाशित गरेको ई बुलेटिन अङ्क १०मा उल्लेख गरेको छ ।




*चित्र: नियोकको कलसेन्टरमा रिपोर्ट भएका घटनाहरुको एक विश्लेषण*

माथि उल्लेख भएका घटनाहरु नियोकले निर्वाचनका दिन ५:३० बजेसम्म प्राप्त गरेको सूचनाका आधारमा तयार पारिएका हुन् । यसरी स्वतन्त्ररुपमा सङ्कलित सूचनाहरुलाई बढी प्रभावकारी बनाउन अत्यन्तै आवश्यकता छ । विभिन्न् जिल्लाहरुमा राजनैतिक दलका बिचमा उत्पन्न विवादले गर्दा ६ प्रदेशका १७ जिल्लाका ४४ मतदान स्थलका ८५ मतदान केन्द्रमा मतदान रद्द भएका थिए । यी विवादहरु सामान्यदेखि झडपसम्मका छन् । फर्जिमतदान,हतियार सहित मतदान केन्द्रमा उपस्थिति,मतपेटिकामा आगजनी,रहेकाछन् भने"रौतहट यमुनामाई गाउँपालिका१ चिकन जेठरियामा ३ वटा मतपेटिका लुटिएको थियो ।"[२३] दुर्गमस्थानबाट पनि मतपेटिका सङ्कलनमा समस्या देखियो ।

### परिच्छेद-७.

# मतदान पश्चात्को समग्र स्थितिको सङ्क्षिप्त समीक्षा

## १. मतगणनाको समग्र अवस्था

हातले सबै मतपत्रहरु समालेर हरेक मत पत्रहरुलाई रुजु गर्दै गन्ने प्रकृया धेरै पुरानो भइसकेको अवस्था हो । विगतमा यसले विवादहरु सीर्जना गरेर मत गणना स्थगित गर्नु परेका घटनाहरु थिए । यो स्थानीय  निर्वाचनमा पनि केही समय मतगणनाको प्रकृयामा अवरोध आएका थिए तर समाधान गर्दै मत गणना सम्पन्न भएको थियो । आगामी निर्वाचनको लागि यो सोचनइी विषय बनेको छ ।


नयाँ पत्रिका

२८ स्थानीय तहका यी केन्द्रमा मतदान रद्द

प्रदेश १ | ६ केन्द्र

**धनकुटा** : सहिदभूमि गाउँपालिका- ६ (३ केन्द्र)
**उदयपुर** : त्रियुगा नगरपालिका- १२ (३ केन्द्र)

मधेस | २५ केन्द्र

**सर्लाही** : बरहथवा नगरपालिका- १७ (२ केन्द्र)
**सप्तरी** : डाक्नेश्वरी नगरपालिका- २ (२ केन्द्र), रूपनी गाउँपालिका- ५ (१ मतदान केन्द्र)
**बारा** : पचरौता नगरपालिका- १ (१ केन्द्र), २ (१ केन्द्र) र ४ (२ केन्द्र)
**रौतहट** : फतुवा विजयपुर नगरपालिका- ७ (२ केन्द्र), यमुनामाई गाउँपालिका- १ (३ केन्द्र) र २ (२ केन्द्र), गढीमाई नगरपालिका- ३ (२ केन्द्र) र ६ (२ केन्द्र), बौधीमाई नगरपालिका- २ (३ केन्द्र) र ९ (२ केन्द्र)

बागमती | ३ केन्द्र

**रामेछाप** : खाँडादेवी गाउँपालिका- १ (१ केन्द्र)
**काभ्रेपलाञ्चोक** : पाँचखाल नगरपालिका- १३ (२ केन्द्र)

कर्णाली | ६ केन्द्र

**सुर्खेत** : सिम्टा गाउँपालिका- १ (१ केन्द्र)
**जुम्ला** : गुठीचौर गाउँपालिका- १ (१ केन्द्र)
**हुम्ला** : चंखेली गाउँपालिका- १ (१ केन्द्र), खार्पुनाथ गाउँपालिका- (मालिका मावि केन्द्र १)
**कालीकोट** : रासकोट गाउँपालिका- ४ (१ केन्द्र), पचालझरना गाउँपालिका- ३ (१ केन्द्र)

सुदूरपश्चिम | ३४ केन्द्र

**बाजुरा** : बुढीनन्दा गाउँपालिका- ८ (१ केन्द्र), बुढीगंगा नगरपालिका- पूरै नगरपालिका रद्द (२० केन्द्र)
**कञ्चनपुर** : पुनर्वास नगरपालिका- १० (३ केन्द्र)
**अछाम** : मंगलसेन नगरपालिका- १३ (१ केन्द्र), चौपाटी गाउँपालिका- ३ (१ केन्द्र), ढकारी गाउँपालिका- २ (१ केन्द्र)
**बझाङ** : जयपृथ्वी नगरपालिका- ७ (२ केन्द्र), केदारस्यु गाउँपालिका- ४ (२ केन्द्र), सुर्मा गाउँपालिका- २ (२ केन्द्र) र ३ (१ केन्द्र)

निर्वाचन अधिकृतले सर्वदलइी बैठकमा मतगणनाको क्रममा आइपर्न सक्ने गणना तथा व्यवस्थापन सम्बन्धी समस्याहरूको पूर्वानुमान गरी समाधानकालागि न्यूनतम समझदारी कायम गराई सबैको हस्ताक्षर गराई सहमति पत्र तयार गरी सोही अनुसार काम कारबाही अगाडि बढाउनु पर्छ । निर्वाचन अधिकृतले मतदान कार्य समाप्त भई मतगणना कार्य सुरु हुनुभन्दा अघिको अवस्थामा गर्नुपर्ने क्रियाकलापहरूको सूची तयार गरी सोको सिलसिलाबद्ध क्रम निर्धारण गरेमा मतगणनाको कार्यलाई सहज रूपले अघि बढाउन सकिन्छ । अन्यथा गणना पछि आउने निर्वाचन परिणामले वातावरण बिग्रिन्छ ।

तारबार लगाउने देखि सीसीटीभी क्यामेरासम्मको व्यवस्था गरी, अधिकारीहरूले २०७४ मा भरतपुरको मतगणना क्रममा भएको घटनाबाट पाठ सिक्दै गणना केन्द्रहरूलाई सकेसम्म सुरक्षित बनाउन प्रयास गरेका थिए । मतगणना केन्द्रमा बार लगाउनु सभ्य अभ्यास होइन । यो हाम्रो राजनैतिक प्रणाली र समग्र समाजका लागि लाजमर्दो कुरा हो । ग्रामीण तथा दुर्गम क्षेत्रमा मात्रै होइन, काठमाडौं महानगरपालिकाको मतगणना हुने राजधानीको राष्ट्रिय सभा गृहमा समेत तारबार लगाइएको थियो ।

केही स्थानीय तहमा मतदान सकिएकै दिनबाट मतगणना प्रारम्भ गरियो भने कतिपय तहमा ढिलाइ भयो । धेरै तहमा मतगणनाको बखत आउन सक्ने समस्या र समाधानका विषयहरूमा आवश्यक विधि र प्रक्रियाको निर्धारण गरेर सम्बन्धित राजनैतिक दल, स्वतन्त्र उम्मेदवार र सरोकारवाला पक्षहरू बिच सहमति कायम गरी

मतगणना सुरु गरिएको पाइयो । धेरै स्थानमा दलका प्रतिनिधिहरूले सहमति र सौहार्दपूर्ण वातावरण देखाएका थिए । मतगणना स्थलमा सुरक्षा व्यवस्था राम्रो रहेको प्रतिवेदनहरू प्राप्त भएका थिए ।

केही ठाँउमा मतगणनामा ढिलाइ भएको भनेर निर्वाचन आयोगप्रति जनमानसमा असन्तुष्टि देखियो । ढिलाइ हुनुमा उम्मेदवारभन्दा बढी निर्वाचन चिन्ह हुनु, मतपत्रको आकारअनुसार गणकहरूको व्यवस्थापन गर्न नसक्नु, गणकहरूलाई तालिम कम हुनु र गणकहरूलाई उपलब्ध गराइने सेवा सुविधा कमजोर रहनु जस्ता कारण भनियो । मतगणना प्रक्रिया अत्यन्त झञ्झटिलो, पट्यारलाग्दो एवम् समय र श्रोत खर्चिलो देखिएकाले वैकल्पिक र व्यवहारिक विधि अवलम्बन गरी द्रुत गतिमा मतगणनाको नतीजा प्रकाशन गर्ने व्यवस्था मिलाउन जिल्लाहरूबाट सुझावहरू प्राप्त भएका छन् ।

### २. पुनः मतदान

निर्वाचन आयोगका अनुसार देशभरका २८ स्थानीय तहका ७४ मतदान केन्द्रमा मतदान अवरुद्ध भएको थियो । (श्रोतः नयाँ पत्रिका)

### ३. निर्वाचन विवाद तथा निरूपण

निर्वाचन कार्यालयमा निर्वाचन आचार संहिताको उल्लङ्घन भएका घटनाहरूको उजुरी धेरै परेको पाइयो । आचार संहिता उल्लङ्घन गरे बापत कारबाही चलाएको, चेतावनी दिएको वा सचेत गराइएका घटनाहरू पनि सार्वजनिक भए । निर्वाचन प्रचार प्रसारको समय छोटो भएको र निर्वाचनको तयारीको अस्त व्यस्तताको कारणले निर्वाचन कार्यालयले आचार संहिता पालना गराउन विशेष ध्यान दिन नसकेको महसूस गरियो । स्पष्टीकरणमा सर्वसाधारणको हितमा प्रतिकूल असर पर्ने गरी माइक प्रयोग गरेको, प्रशासनको अनुमति नलिई मोटरसाइकल र्‍याली निकालेको, भोट दिनका लागि पैसा वितरण गरेको, मौन अवधिमा प्रचार गरेको, अनावश्यक होहल्ला गरी शान्तिमा बाधा अवरोध गरेको भन्ने उल्लेख थियो ।

यो प्रतिवेदन तयार पार्दासम्म विवादका कारण बाजुराको बुढीगंगा नगरपालिकामा पुन मतदान हुने भनेता पनि मिति तय भइसकेको छैन ।यसअघि वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा राजनैतिक विवाद चर्किएपछि आयोगले आयुक्त सगुन शमशेर जबराको नेतृत्वमा छानबिन टोली गठन गरेको थियो । बाजुराका प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौडेल, डीएसपी चतुर्भुज ओझा र सशस्त्र प्रहरी बलका उपरीक्षक दीपक विष्टको लापरवाहीले मतदानको निष्पक्षता, विश्वसनीयता र स्वतन्त्रतामाथि प्रश्न उठेको तर्क गर्दै आयोगले त्यस्तालाई हटाउन र उनीहरूको ठाउँमा नयाँ नियुक्ति गर्न माग गरेको छ ।

### ४. निर्वाचित महिलाहरु

स्थानीय तह सदस्य निर्वाचन २०७९ मा ५५ हजार ६९९ महिला उम्मेदवार रहेकोमा १४ हजार ४०२ महिला निर्वाचित हुनुभएको छ । निर्वाचन आयोगको पछिल्लो तथ्याङ्क अनुसार सो सङ्ख्यामा महिला निर्वाचित भएको देखिएको हो । तीन वटा पालिकामा प्रमुख र उपप्रमुख दुवैजना महिला निर्वाचित हुनुभएको छ । सो मध्ये झापाको गौरीगञ्ज गाउँपालिका प्रमुखमा फूलवती राजवंशी र उपप्रमुखमा पूजन न्यौपाने कुँवर निर्वाचित हुनुभएको छ । राजवंशी नेपाली काँग्रेस र न्यौपाने नेकपा (एमाले) बाट उम्मेदवार बन्नुभएको थियो । सोही अनुसार दैलेखको भैरवी गाउँपालिकाको प्रमुख र उपप्रमुख दुवै पदमा महिला निर्वाचित हुनुभएको छ । सो पालिकाको प्रमुखमा रती शाही र

उपप्रमुखमा देवी भण्डारी निर्वाचित हुनुभएको छ । दुवैजना काँग्रेसबाट उम्मेदवारी दिनुभएको थियो । त्यस्तै, कैलालीको लम्की-चुहा नगरपालिका प्रमुख र उपप्रमुख दुवै पदमा महिला निर्वाचित हुनुभएको छ । सो नगरपालिका प्रमुखमा सुशीला शाही र उपप्रमुख पदमा जुना चौधरी निर्वाचित हुनु भएको छ । प्रमुख काँग्रेसबाट र उपप्रमुख एमालेबाट उम्मेदवारी दिनु भएको थियो ।

| प्रदेशहरु | महिला उम्मेदवार | निर्वाचित महिला प्रतिनिधिहरु |
|---|---|---|
| **प्रदेश नं. १** | ८१९६ | २४५५ |
| **मधेश** | १५७८० | २७७० |
| **बाग्मती** | ८३४४ | २३४७ |
| **गण्डकि** | ४६९९ | १६२२ |
| **लुम्बिनी** | ८६६७ | २१२४ |
| **कर्णाली** | ४८७८ | १५२४ |
| **सुदुरपश्चिम** | ५०८५ | १५६० |

***श्रोतः*** *निर्वाचन आयोग, नेपाल*

कतिपय दलहरू बिच भएका असहज प्रकृतिका गठबन्धन र तालमेलका कारण यस निर्वाचनमा महिलाहरुका केही सिटहरु गुमे । २०७४को स्थानीय निर्वाचनमा १८ महिला प्रतिनिधि प्रमुखमा निर्वाचित भएका थिए भने यसपाली देशभरमा २५ वटा पालिका प्रमुखको रुपमा महिला निर्वाचित हुनुभएको छ । यसरी यो सङ्ख्यामा महिलाले अधिकार सम्पन्न स्थानीय सरकारको नेतृत्व गर्ने नेपालकै इतिहासमा पहिलो सङ्ख्या हो । यसले महिलाहरुको नेतृत्व विकासमा निकै महत्वपूर्ण भूमिका निभाउने छ र आगामी निर्वाचनहरुमा महिलाको उपस्थिति उच्चरहने देखिन्छ । यी निर्वाचित महिलाहरुको विवरण अनुसूची ११ मा दिएको छ । आयोगको हालसम्मको तथ्याङ्क अनुसार दलित महिला सदस्यमा १२३ स्थानीय तह खाली रहेको छ । यस्तै एउटा पालिकामा महिला सदस्यको सिटमा पनि उम्मेदवारी परेन ।

# परिच्छेद-८

## जिल्लाहरुबाट आएका प्रतिवेदनहरुको विश्लेषण

जिल्लाहरुबाट आएका लिखित प्रतिवेदनहरुलाई विश्लेषण गर्दा, समान विचार भएका प्रश्नका उत्तरहरुलाई समूहमा विभाजन गरियो र यसलाई निम्न तालिकामा उल्लेख गरिएको छ । यो विश्लेषणलाई प्रदेश र जिल्लाहरुमा छुट्टाइएको छ । नियोकका प्रदेश तथा जिल्ला संयन्त्रहरुबाट व्याख्यात्मक रुपमा पठाइएका डाटाहरुको विश्लेषण हो । यो निर्वाचनमा सम्पूर्ण दलहरुले पूर्ण अथवा आंशिक सहमतिमा भाग लिएकोले हिंसात्मक गतिविधि उल्लेखित रुपमा नभएको जिल्लाबाट प्राप्त प्रतिवेदनको विश्लेषणमा आएको छ ।

### ८.१. प्रदेश १: १४ जिल्लाका प्रतिवेदनहरुको विश्लेषण ।

| प्रदेश र जिल्लाहरु | निर्वाचनको दिन | निर्वाचन पश्चात्को अवस्था | आचार संहिता | बालबालिकाको प्रयोग | खर्च |
|---|---|---|---|---|---|
| १.ताप्लेजुङ,२.पाँचथर ३.इलाम,४.सङ्खुवासभा ५.तेह्रथुम७.भोजपुर ८.खोटाङ९.सोलुखोम्बु १०.ओखलढुङ्गा १२.झापा, १३.मोरङ, १४.सुनसरी | मतगणना पनि शान्तिपूर्णरुपमा सम्पन्न भएको थियो । सबै स्थानमा समयमा निर्वाचन सुरु ७ बजेर १५ मिनेट भित्र सुरु गरिएको थियो । निर्वाचनका लागि चाहिने सामग्रीहरु सबै उपलब्ध थिए । | मतगणनामा कुनै अवरोध आएको थिएन । निर्वाचन भएका ७ दिन सम्म सबै मत परिणाम आएको थियो । मतपरिणाम समय समयमा घोषणा गरिएको थियो | प्रचार प्रसारमा आचार संहिता पालन नगरेको पाइएको छ । ब्यानरहरु दिएको साइजभन्दा बढी थिए । चुनाब चिन्ह अङ्कित झन्डाहरुको प्रयोग । | बालबालिकाको प्रयोग यो जिल्लामा देखिएन । जुलुसमा दाजु भाइसँग रमाएर हिडेका केही भेटिए । | दिएको मापदण्ड भन्दा ४, ५ गुना बढीले खर्च गरेको अनुमान भएको थियो तर खर्चको तरिका फरक थियो । |
| **प्रदेश १ मतदान स्थगित भएका जिल्लाहरु** | | | | | |
| ६.धनकुटा | धनकुटामा स्थानीय तह ७ मध्ये ३ नपा छन् । मतदान स्थल ११८ र .१५९.केन्द्रहरु थिए । यी केन्द्रको सदिभुमि गाउँपालिका को ३ केन्द्र क | यी स्थगित केन्द्रहरुमा पुनः मतदान जेष्ठ २ मा शान्तिपूर्णरुपमा सम्पन्न भएको थियो । १५६ मतदान केन्द्रमा शान्तिपूर्ण भयो । यो जिल्लामा आचार संहितामा प्रचार प्रसारमा तोकेको मापदण्ड भन्दा | दलहरुले अघिल्लो निर्वाचनमा भन्दा कम खर्च गरेका देखियो तर आचार संहिता भित्रको खर्चमा कार्यकर्ता सञ्चालन र | दलहरुमा प्रजातान्त्रिक अभ्यासहरुमा कमी देखियो । बालिकाले पार्टीका झन्डा लिएर हल्लाएको र जुलुसमा सहभागी देखिएका थिए | । दलहरुले अघिल्लो निर्वाचनमा भन्दा कम खर्च गरेका देखियो तर आचार संहिता भित्रको खर्चमा कार्यकर्ता सञ्चालन र प्रचार |

| | | | | | |
|---|---|---|---|---|---|
| | मा<br>दलहरु बिचको विवाद भएकोले निर्वाचन स्थगित गरिएको थियो । | बढी देखियो । | प्रचार प्रसारमा बसेनन् । भोट किन्ने काम छताछुल्ल रुपमा देखिएन । | | प्रसारमा बसेनन् । खर्च तोकिएको मापदण्ड भन्दा १० गुना भन्दा माथि देखिन्छ । |
| ११.उदयपुर | उदयपुर चुरे र भावर क्षेत्रमा पर्दछ । यहाँ ८ स्थानीय निकाय मध्ये ४ नपा छन् । निर्वाचनका दिन त्रियुग नगरपालिक १२ को पुरानो जनप्रेमी माविमा सामान्यरुपमा पानीको निहुँमा दलका कार्यकर्ता बिच झगडा हुँदा ३ केन्द्रमा निर्वाचन स्थगित भयो ।<br>यहाँको जनसङ्ख्या ३४२७७३ छ र मतदान केन्द्रहरु २५८ थिए । | स्थगित स्थानहरुमा पुनः निर्वाचन शान्तिपूर्णरुमा सम्पन्न भयो ।<br><br>कटारी नपा १०को कालिका माध्यामिक बिद्यालय मतदान केन्द्रमा मतदान सकिएपछि मतपेटिका सिलवन्दी गर्ने विषयमा उम्मेदवारका प्रतिनिधिहरु बिच झडप भएर गोली चलेको थियो र १८ वर्षीय दुर्गाबहादुर विष्टको ज्यान गएको थियो । | दलहरु आचार संहिता भित्र बसेको भेटिएन । विशेषगरी दलहरुले आफूले सोझो खर्च नगरी अरुबाट खर्च गराएका छन् । यस्तो अवस्थामा कुनै व्यापारी, उम्मेदवार प्रति सदभाव राख्नेहरुले खाना ख्वाउने गरेका समेत देखियो । | आचार संहिता लागू गराउने कार्य खुकूलो देखियो तर पहिलेका निर्वाचन भन्दा अहिलेका निर्वाचनमा धेरै मात्रामा सुधार देखिएको छ । बालिकाले पार्टीका झन्डा लिएर हल्लाएको र जुलुसमा सहभागी भएको देखिएका थिए । | कुनै स्थानमा विद्यार्थीहरु, जुलुस र आम सभामा गएको देखियो । |

श्रोतः प्राइमरी डाटा ।

## ८.२. मधेश प्रदेशः ९ जिल्लाका प्रतिवेदनको सारांश

| प्रदेश र जिल्लाहरु | निर्वाचनको दिन | निर्वाचन पश्चात्को अवस्था | आचार संहिता | बालबालिकाको प्रयोग | खर्च |
|---|---|---|---|---|---|
| २. सिरहा<br>३. धनुषा<br>४.महोत्तरी<br>८.पर्सा | निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भयो । विवादहरु भएनन् ।<br>समयमै निर्वाचन सुरु गरिएको थियो र समयमै सम्पन्न भयो । | मतपेटिकाहरु सुरक्षितसँग सङ्कलन गरी सुरक्षितस्थानमा पुऱ्याइएको थियो । | आचार संहिता धेरै हदसम्म पालना गरिएको थियो । मौन अवधिमा कार्यकर्ताबाट सामाजिक सञ्जालमा पोस्ट गर्ने काम भयो । ब्यानर र जुलुस बढी थिए । | बालबालिका भन्नाले १० वर्षमाथिका जुलुसहरुमा रमाइलो मानेर हिडिरहेका थिए । अन्य कार्यहरु जस्तै पम्पलेट बाँडने काम कतै कतै भएका थिए । | खर्चको ताम्झाम् अलि बढी नै थियो । यसले सहजै भन्न सकिने अवस्था थियो तोकेको हद भन्दा धेरै माथि थियो । |
| **मधेश प्रदेशमा मतदान स्थगित भएका जिल्लाहरु** | | | | | |
| १. सप्तरी | यो जिल्लामा स्थानीय तह १८ मध्ये नगरपालिका ९ छन् । निर्वाचनको क्रममा विवाद भएर डाक्नेश्वरी नपा २ जनता माविको २ केन्द्रमा र रुपनि गाँउपालिका ५ मतदान केन्द्रमा मतदान स्थगित गरिएको थियो । जिल्लाको जन सङ्ख्या ७१३२०३ छ । मतदान केन्द्र ५३६ थिए । | जिल्ला भरको परिणाम आउन १२ दिन कुर्नु पऱ्यो । यसले जनताको उत्पादक्तवमा असर गर्दछ । कती काम घण्टाको नोक्सान भयो गणना गर्न सकिदैन । स्थगित स्थानको निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भएको थियो । | आचार संहिता अगाडिको तुलनामा बढी पालन भएपनि प्रचार प्रसारमा यसले खासै असर पारेन । ब्यानरहरु, जुलुस प्रसस्त प्रयोग भए । | बाल बालिकाको प्रयोग केही हदसम्म देखियो । सभा जुलुस, प्रचार प्रसारमा १० वर्षभन्दा माथिको केटाकेटीहरु संलग्न देखिन्थे । | उम्मेदवार तथा राजनैतिक दलहरुको खर्च पारदर्शी थिएन । दिएको मपदण्डभन्दा धेरै बढी खर्च भएको छ । शुभचिन्तकहरुले प्रचार प्रसारमा खर्च पनि गरेको भेटियो । |
| ६.रौतहट | **यो जिल्लामा १८ स्थानीय तह छन् जसमध्ये १६ नपा र २ गाँउपालिका छन् । यहाँको जनसङ्ख्या ८२५६२३ छ र मतदान केन्द्र ५१८ थिए ।**<br><br>**यमुनामाई गाँउपालिका** १ र २ को मतदान स्थलबाट मतपेटिका लुटिएको थियो ।<br>१ मा ३ केन्द्र र २ मा २ केन्द्र गरी ५ केन्द्रमा मतदान स्थगन गरिएको थियो । | स्थगित गरिएका स्थानहरुमा पुनः निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भयो ।<br>निर्वाचन गणनामा ढिलाइ भयो ।<br>लामा मतपत्र रुजुगर्न धेरै समय लागेको थियो । | आचार संहिता कार्यन्वयनमा कमी देखियो ।<br>यसैले आचार संहिता पालन गराउन आवश्यक पहल गर्नुपर्दछ ।<br>जसपा र एमाले कार्यकर्ता बिच झडप भएको थियो ।<br>अन्य:यहाँ जसपा,काँग्रेस र एमाले कार्यकर्ता बिच पटक पटक झडपको स्थिति | बालबालिका भन्दा पनि १० बर्षमाथिका केटाकेटी प्रचार प्रसारमा संलग्न थिए । हेरेर उमेर छुट्याउन अप्ठ्यारो अवस्था थियो । स्कूले विद्यार्थी धेरै थिए ।<br>. | खर्चको सम्बन्धमा अगाडिको भन्दा कम देखियो भने खर्चगर्ने तरिकमा परिवर्तन देखियो । उम्मेदवारका कार्यकर्ताबाट भन्दा अरु शुभचिन्तकबाट खर्च भएको देखियो । यो खर्च गर्ने तरिकामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | यस्तै **बोधिमाई नगरपालिका** २ को इनरवा टोलको ३ मतपेटिकाहरुमा आगजनी भएको थियो । यहाँ कोल २ मा ३ केन्द्र र ९मा २ केन्द्रमा मतदान स्थगन भएको थियो ।<br>**फतुवा विजयपुरका नपामा** ७ का २ केन्द्र, **यस्तै गढीमाई नगरपालिका** ३ का २ केन्द्र र ६का २ केन्द्रमा पनि मतदान स्थगित भएका थिए ।<br>**जम्मा ४ पालिका गरी १५ मतदान केन्द्र स्थगित गरिएका थिए ।** | | आएको थियो । मतदान स्थलमा मतदान भएका र नभएका मतपत्रहरु च्यात्ने र केही मतपेटिकामा तोडफोड भएको थियो । | | आचार संहिताले कसरी काम गरेको देखिएन ं |
| ७.वारा | यो जिल्लामा स्थानीय तह १६ मध्ये २ उपमहानगर पालिका, ५ र गा पा ९ छन् । यहाँको कूल जनसङ्ख्या ७४३९७५ छ । मतदान केन्द्र ५४१ थिए ।<br>पचरौता नपाको १ मा १ केन्द्र,२मा १ केन्द्र र ४का २ केन्द्र गरी जम्मा ४ केन्द्रमा मतदान स्थगित गरिएको थियो । | अन्य पालिकाहरुमा मतदान शान्पिूर्णरुपमा सम्पन्न भएको थियो । स्थगित गरिएका स्थानहरुमा पुनः निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भयो ।<br>मतगणना ढिला भयो ।<br>मत बदर धेरै देखिए । | प्रचार प्रसारमा आचार संहिता अनुरुप भएको थिएन । मोटर, मोटरसाइकल आदि सवारी साधन प्रयोग भएका थिए भने ब्यानरहरु पनि तोकिएका साइज भन्दा बढी देखिएका थिए । यसले खर्चमा असर गरेको थियो । | वालबालिका भन्दा पनि १० वर्षमाथिका केटाकेटी प्रचार प्रसारमा संलग्न थिए । हेरेर उमेर छुट्याउन अप्ठयारो अवस्था थियो । स्कूले विद्यार्थी धेरै थिए ।<br>**अन्य:**राजनैतिक दलका बिचको कार्यकर्तामा विवाद हुँदा मतदान स्थगन भएका थिए । | प्रचार प्रसारमा आचार संहिता अनुरुप भएको थिएन । मोटर, मोटरसाइकल आदि सवारी साधन प्रयोग भएका थिए भने ब्यानरहरु पनि तोकिएका साइज भन्दा बढी देखिएका थिए । यसले खर्चमा असर गरेको थियो । |

## ८.३. बाग्मती प्रदेशः १३ जिल्लाका प्रतिवेदन विश्लेषण

| प्रदेश र जिल्लाहरु | निर्वाचनको दिन | निर्वाचन पश्चात्को अवस्था | आचार संहिता | बालबालिकाको प्रयोग | खर्च |
|---|---|---|---|---|---|
| १. दोलखा<br>३.सिन्धुली<br>५.सिन्धुपाल्चोक<br>६. रसुवा<br>७. नुवाकोट<br>८. धादिङ<br>९.चितवन<br>१०.मकवानपुर<br>११. भक्तपुर<br>१२.ललितपुर<br>१३. काठमाडौं | ७ देखि ७: ३० को बिचमा सबै स्थानमा निर्वाचन सुरु भएको थियो ।<br>निर्वाचनका सबै प्रकृयाहरु पुरा गरिएका थिए ।<br>५ देखि ५:३० को बिचमा सबै क्षेत्रको मतदान संपन्न् भयो । | मतपेटिकाहरु आवश्यकता अनुसारका मुचुल्का उठाई, प्रयोग नभएका मतपत्रहरु बन्द गरी, खटाइएका सुरक्षाकर्मीहरुको साथमा गणना स्थलमा पुऱ्याएका थिए ।<br>चितवनमा मात्र १६ प्रतिशत मत बदर भएका थिए । | आचार संहिता अगाडिको तुलनामा बढी पालन भएपनि प्रचार प्रसारमा यसले खासै असर पारेन । ब्यानरहरु, जुलुस, प्रदर्शन प्रसस्त प्रयोग भए ।<br>निर्वाचन पूर्व र निर्वाचन पश्चात् कमलमाई, गोलन्जोर ५, २ , फिक्कल, सुनकोशीमा झडप तथा विबाद भएको । | बालबालिका भन्नाले १० वर्षमाथिका जुलुसहरुमा रमाइलो मानेर हिंडी रहेका थिए । अन्य कार्यहरु जस्तै पम्पलेट बाँड्ने काम कतै भएका थिए । | खर्च ताम झाम अलि बढीनै थियो । यसले सहजै भन्न् सकिने अवस्था थियो, तोकेको हदभन्दा धेरै माथि थियो । काठमाडौँमा होटेल लिएर प्रचार प्रसार गरिएको थियो । तोकेको मापदण्डले भन्दा १५ देखि २० गुणा सम्म माथि । |
| **बाग्मती प्रदेशः मतदान स्थगित भएका जिल्लाहरु** | | | | | |
| २.रामेछाप | यहाँ स्थानीयतह ८ मध्ये नपा २ छन् । निर्वाचनमा आचार संहिता प्रचार प्रसारमा ख्याल नगरेको देखियो तर शान्तिपूर्णरुपमा निर्वाचन संपन्न् भएको थियो । यहाँको जनसङ्ख्या १७०६२० रहेको छ । मतदान केन्द्र २२३ थिए । खाँडादेवी नपा १ मा काँग्रेस र माओवादी कार्यकर्ताबिच झडप भएको थियो र मतदान स्थगित गरिएको थियो । अन्य स्थानमा मतदान शन्तिपूर्णरुपमा सम्पन्न भयो । | स्थगितभएको मतदान मा पुनः मतदान शान्तिपूर्ण रह्यो ।<br>जिल्लाभरको परिणाम आउन एक हप्ता कुर्नु पर्ने । | आचार संहिता खासै पालना भएन ।<br>अगाडिको तुलनामा बढी पालन भएपनि प्रचार प्रसारमा यसले खासै असर पारेन । ब्यानरहरु, र जुलुस, प्रदर्शन प्रसस्त प्रयोग भए | बालबालिका भन्नाले १० वर्षमाथिका जुलुसहरुमा रमाइलो मानेर हिंडी रहेका थिए । अन्य कार्यहरु जस्तै पम्पलेट बाँड्ने काम कतै भएका थिए । | खर्च ताम्झाम् अलि बढीनै थियो । यसले सहजै भन्न् सकिने अवस्था थियो, तोकेको हदभन्दा धेरै माथि थियो । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.काभ्रेपलान्चोक | यो जिल्लामा स्थानीय तह १३ मध्ये ६ नपा छन् । यहाँको जनसङ्ख्या ३६६८७१ छ भने मतदान केन्द्र ३८१ थिए ।<br>पाँचखाल नगरपालिका १३को श्रीराम माध्यमिक बिद्यालयको मतदान केन्द्रमा तोडफोड भएको थियो । मतदान अधिकृतले एकैजनालाई १० मतपत्र एकैसाथ दिएको भनि गठबन्धनका कार्यकर्ताले विरोध गरेका थिए । यो स्थान देखि बाहेक अन्य स्थानमा शान्तिपूर्णरुपमा मतदान सम्पन्न भएको थियो । | स्थगितभएको मतदान मा पुनः मतदान शान्तिपूर्ण रह्यो ।<br><br>मतगणनामा कुनै विवाद भएन । परिणाम आउन १ हप्ता भन्दा बढी लाग्यो । | आचार संहिता खासै पालना भएन ।<br><br>अगाडिको तुलनामा बढी पालन भएपनि प्रचार प्रसारमा यसले खासै असर पारेन । ब्यानरहरु, जुलुस प्रदर्शन प्रसस्त प्रयोग भए | बालबालिका भन्नाले १० वर्षमाथिका जुलुसहरुमा रमाइलो मानेर हिंडी रहेका थिए । अन्य कार्यहरु जस्तै पम्पलेट बाँड्ने काम कतै भएका थिए । | खर्चको मापदण्डले पुगेन । मापदण्ड भन्दा माथि धेरै खर्च भएको अनुमान जिल्लाको नियोक कार्यलयले गरेको छ । |

**श्रोतः प्राइमरी डाटा**

## ८.४. गण्डकी प्रदेशः १० . जिल्लाका प्रतिवेदन विश्लेषण

| जिल्लाहरु | निर्वाचनको दिन | निर्वाचन पश्चात् | आचार संहिता | बालबालिकाको प्रयोग | खर्च |
|---|---|---|---|---|---|
| १.गोर्खा<br>२.लमजुङ<br>४कास्की<br>५. मनाङ<br>६. पर्वत<br>७. स्याङ्जा<br>८.म्याग्दि.<br>९. बागलुङ<br>१०.नवलपुर | ७ देखि ७: ३० को बिचमा सबै स्थानमा निर्वाचन सुरु भएको थियो ।<br>निर्वाचनका सबै प्रकृयाहरु पुरा थिए ।<br>५ देखि ५:३० को बिचमा सबै क्षेत्रको मतदान संपन्न् भयो । | मतपेटिकाहरु आवश्यकता अनुसारका मुचुल्का उठाई, प्रयोग नभएका मतपत्रहरु बन्द गरी, खटाइएका सुरक्षाकर्मीहरुको साथमा गणना स्थलमा पुऱ्याएका थिए । | | बालबालिका भन्नाले १० वर्षमाथिका जुलुसहरुमा रमाइलो मानेर हिडि रहेका थिए ।<br><br>अन्यकार्यहरु जस्तै पम्पलेट बाँड्ने काम कतै भएका थिए भन्ने जिल्लाले प्रतिवेदन पाएको थियो । | खर्च ताम्झाम् अलि बढी नै थियो । यसले सहजै भन्न् सकिने अवस्था थियो तोकेको हदभन्दा धेरै माथि थियो । काठमाडौंमा होटेल लिएर प्रचार प्रसार गरिएको थियो । तोकेको मापदण्डले भन्दा १५ देखि २० गुणा सम्म माथि देखियो । |
| **गण्डकी प्रदेशः मतदान स्थगित भएका स्थान** | | | | | |

| जिल्लाहरु | निर्वाचनको दिन | निर्वाचन पश्चात् | आचार संहिता | बालबालिकाको प्रयोग | खर्च |
|---|---|---|---|---|---|
| ३.तनहुँ | यहाँ स्थानीयतह १० मध्ये महानगरपालिका ४ छन् । व्यास नपाको एकठाउँ बाहेक निर्वाचन संपन्न भएको थियो । यहाँको जनसङ्ख्या ३२७६२० रहेको छ । मतदान केन्द्र २९७ थिए । तनहुँ व्यास नगरपालिका गाविस भवन फेदी २ मा निर्वाचन स्थगित भएको थियो । | स्थगित भएको स्थानमा शान्तिपूर्णरुपमा सम्पन्न भयो र बिधि र प्रकृया पुऱ्याई मतपेटिका मतगणना स्थलमा पुऱ्याइयो र मत गणना सम्पन्न भयो । | निर्वाचनमा आचार संहिता प्रचार प्रसारमा ख्याल नगरेको देखियो । | बालबालिका भन्नाले १० वर्षमाथिका जुलुसहरुमा रमाइलो मानेर हिंडी रहेका थिए । यसलाई राजनैतिक दलहरुले पनि सामान्यरुपमा लिएको देखिन्थ्यो । | खर्च तोकिएको मापदण्ड भन्दा धेरै माथि अनुमान गर्न सकिने अवस्था थियो । ताम् झाम्ले निर्वाचन आफ्नो पक्षमा पार्न राजनैतिक दल लागि परेका थिए । |

श्रोतः प्राइमरी डाटा

## ८.५. लुम्विनी प्रदेशः १२ जिल्लाको प्रतिवेदन विश्लेषण

| जिल्लाहरु | निर्वाचनको दिन | निर्वाचन पश्चात् | आचार संहिता | बालबालिकाको प्रयोग | खर्च |
|---|---|---|---|---|---|
| १. रुपन्देही<br>२.नवल परासी<br>३. कपिलवस्तु<br>४. पाल्पा<br>५. अर्घाखाँची<br>६. गुल्मी<br>७. रोल्पा<br>८. प्युठान<br>९.दाङ<br>१०. बाँके<br>११. बर्दिया<br>१२. रुकुम पूर्व | निर्वाचनका दिन बिहान ६ बजे देखि मानिसहरु लाइनमा बसी सकेका थिए ।<br>७ देखि ७:३०को बिचमा सबै जिल्लाहरुमा मतदान सुरु भएको सबै जिल्लाले आफ्नो प्रतिवेदनमा उल्लेख गरेका थिए ।<br>शान्तिपूर्णरुपमा सबै जिल्लामा निर्वाचन सम्पन्न भयो ।<br>५ देखि ५:३० बजे भित्र सबैले मतदाताले मत खसाली सकेका थिए । | मतपेटिकाहरु सबै जिल्लाका सुरक्षितरुपमा गणना स्थलमा राजनैतिक दलका प्रतिनिधि र पर्यवेक्षक समेत पुगेका थिए ।<br>मतगणनामा सहमति भई सकेपछि सुरु गरे । बिचमा देखिएका विवादहरु आपसको सहमतिमा सुल्झिएका थिए । | आचार संहिता अगाडिको तुलनामा बढी पालन भएपनि प्रचार प्रसारमा यसले खासै असर पारेन । ब्यानरहरु, जुलुस प्रदर्शन प्रसस्त प्रयोग भए । | बालबालिका भन्नाले १० वर्षमाथिका जुलुसहरुमा रमाईलो मानेर हिंडी रहेका थिए । यसलाई राजनैतिक दलहरुले पनि सामान्यरुपमा लिएको देखिन्थ्यो । | खर्च तोकिएको मापदण्ड भन्दा धेरै माथि अनुमान गर्न सकिने अवस्था थियो ।<br>ताम् झाम्ले निर्वाचन आफ्नो पक्षमा पार्न राजनैतिक दल लागि परेका थिए । यसले स्वतः खर्च माथि पुऱ्याउँछ । |

## ८.६. कर्णाली प्रदेश: १० जिल्लाको प्रतिवेदन विश्लेषण

| जिल्लाहरु | निर्वाचनको दिन | निर्वाचन पश्चात्को अवस्था | आचार संहिता | बालबालिकाको प्रयोग | खर्च |
|---|---|---|---|---|---|
| १. रुकुम<br>२. सल्यान<br>३. डोल्पा<br>४. मुगु<br>८.जाजरकोट<br>९.दैलेख | निर्वाचनका दिन बिहान ६ बजे देखि मानिसहरु लाइनमा थिए । ७ देखि ७:३०को बिचमा सबै जिल्लाहरुमा मतदान सुरु भएको सबै जिल्लाले आफ्नो प्रतिवेदनमा उल्लेख गरेका छन् । शान्तिपूर्णरुपमा सबै जिल्लामा निर्वाचन सम्पन्न भयो । ५ देखि ५:३० बजे भित्र सबैले मतदाताले मत खसाली सकेका थिए । | मतपेटिकाहरु सबै जिल्लाका सुरक्षितरुपमा गणना स्थलमा लगियो साथमा राजनैतिक दलका प्रतिनिधि र पर्यवेक्षक समेत पुगेका थिए । मतगणनामा सहमति भई सकेपछि सुरु गरे । बिचमा देखिएका विवादहरु आपसको सहमतिमा सुल्झिएका थिए । | आचार संहिता अगाडिको तुलनामा बढी पालन भएपनि प्रचार प्रसारमा यसले खासै असर पारेन । ब्यानरहरु, जुलुस प्रदर्शन प्रसस्त प्रयोग भए । | बालबालिका भन्न्ाले १० वर्षमाथिका जुलुसहरुमा रमाइलो मानेर हिंडी रहेका थिए । यसलाई राजनैतिक दलहरुले पनि सामान्यरुपमा लिएको देखिन्थ्यो । | खर्च तोकिएको मापदण्ड भन्दा धेरै माथि अनुमान गर्न सकिने अवस्था थियो । ताम भ्रमले निर्वाचन आफ्नो पक्षमा पार्न राजनैतिक दल लागि परेका थिए । |
| **कर्णाली प्रदेश: मतदान स्थगित जिल्लाहरु** | | | | | |
| ५. जुम्ला | यहाँ स्थानीयतह ८ मध्ये नपा १ छ । निर्वाचनमा आचार संहिता प्रचार प्रसारमा ख्याल नगरेको देखियो तर शान्तिपूर्णरुपमा निर्वाचन संपन्न् भएको थियो । यहाँको जनसङ्ख्या ११९३७७ रहेको छ । मतदान केन्द्र १०२ थिए ।<br><br>गुठीचौर १ को १ केन्द्रमा मतदान स्थगित गरिएको थियो । अन्यस्थानमा मतदान शान्तिपूर्ण रुपमा संपन्न् भएको थियो । | स्थगित भएको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भयो । मतगणनामा कुनै विवाद भएन । | निर्वाचन आयोगद्वारा तोकिएको मापदण्डको आधारमा निर्वाचन प्रचार प्रसार अभियानलाई राजनैतिक दल तथा उम्मेदवारहरुले अगाडि बढाएका थिए । प्रचार प्रसार खर्चलाई पनि तोकिएको मापदण्डको आधारमा अगाडि बढाइएको थियो । | निर्वाचनमा सुधार आवश्यकता छ । खर्चिलो पनि देखिएको छ । मतपत्रमा पनि स्थानीय निर्वाचनमा उठेका पार्टी अनुरुप बनाउन आवश्यक छ । | बालबालिका निर्वाचनमा प्रयोग भएका थिएनन् । तर १२ १३ वर्षका टिनएजका बालबालिकाहरु प्रचार प्रसारका जुलुसमा छिट्पुट् हिंडेका थिए । |
| ६. हुम्ला | | स्थगित भएका स्थानमा | वडा अध्यक्षले मात्र ४० | निर्वाचनमा सुधारको | बालबालिकाको प्रयोग यो |

| | | | | | |
|---|---|---|---|---|---|
| | यहाँ स्थानीय तह ७ गाँउपालिका मात्र छन् । निर्वाचनमा आचार संहिता प्रचार प्रसारमा ख्याल नगरेको देखियो । यहाँको जनसङ्ख्या ५५४९६ रहेको छ । मतदान केन्द्र ५४ थिए<br><br>चंखेखेल गाँउपालिका १ को १ केन्द्र र खार्पुनाथको मालिका माबि केन्द्र १ मा मतदान स्थगित गरिएको थियो ।<br>यी दुईवटा केन्द्रहरु देखि बाहेकका केन्द्रहरुमा मतदान शान्तिपूर्णरुपमा सम्पन्न भयो । | मतदान शान्तिपूर्णरुपमा सम्पन्न भयो ।<br>मतगणनामा विवाद भएन, सानातिना असमझदारी पार्टीहरुले मिलाएका थिए । | लाख भन्दा बढी खर्च गरेको देखिन्छ ।<br>गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पदको लागि उम्मेदवारले ४० लाख भन्दा बढी १ करोड सम्मको चुनावी प्रचार प्रसारमा खर्च गरेको गुनासो मतदातालाई गरेका छन् । खर्चको हद नाघेर उम्मेदवार र दलले स्वेच्छाचारी रूपमा खर्च गरेको देखियो । | आवश्यकता छ । खर्चिलो पनि देखिएको छ ।<br>मतपत्र पनि स्थानीय निर्वाचनमा उठेका पार्टी अनुरुप बनाउन आवश्यक छ । | जिल्लामा भएको देखिएन । जुलुसमा दाँजुभाइसँग रमाएर हिडेका केही भेटिए । |
| ७.कालिकोट | यहाँ स्थानीय तह ९ मध्ये नपा ३ छन् । निर्वाचनको प्रचार प्रसारका क्रममा आचार संहिताको पालना नगरेको देखियो । यहाँको जनसङ्ख्या १४४९१७ रहेको छ । मतदान केन्द्र ११९ थिए ।<br>मतदान स्थगित रासकोट गाउँ पालिका ४ को १ केन्द्र र पचाल झर्ना ३ को १ केन्द्रमा मतदान स्थगित गरिएको थियो । यी २ स्थान देखि बाहेकका स्थानमा मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भयो । | मतगणना पनि शान्तिपूर्णरुपमा सम्पन्न भएको थियो । ७ दिन भित्र सबै मत परिणाम आएका थिए । | केही उम्मेदवारले पैसा खर्च गरेर स्थानीय एफएम रेडियोबाट पनि आफ्नो प्रचार गरेका थिए ।<br>खाँडाचक्र, रास्कोट, तीलागुफा लगायतका शहर उन्मुख स्थानीय तहमा बढी ध्वनी प्रदूषण भएको स्थानीयको गुनासो छ । | आचार संहितालाई कडाइका साथ लागु गराउने ।<br>खर्चको सिमा तोके पनि समय सापेक्ष नभएको गुनासो । | मतगणना पनि शान्तिपूर्णरुपमा सम्पन्न भएको थियो । सातदिन भित्र सबै मतपरिणाम आएका थिए । केही बालबालिका सँग रमाएर जुलुसमा हिडेका भेटिए ।<br>राजनैतिक दल र तिनका उम्मेदवारहरुले गाउँ वस्ती तथा बजारमा ध्वनी प्रदुषण हुने गरी लाउड स्पिकरमा गीत बजाउने, माइकिङ गर्ने पर्चा पम्पलेट टाँस्ने गरेको पाइयो । |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. सुर्खेत | यहाँ स्थानीय तह ९ मध्ये नपा ५ छन् । निर्वाचनमा आचार संहिता प्रचार प्रसारमा ख्याल नगरेको देखियो १ गाउँ पालिकाको केन्द्र १ देखि बाहेकमा निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भयो । यहाँको जनसङ्ख्या ४,१७, ७७६ रहेको छ । मतदान केन्द्र २९१ थिए ।<br><br>सिम्टा गाँउपालिका १ को केन्द्र १ मा मतदान स्थगित गरिएको थियो । | स्थगित भएको केन्द्रमा समयमै मतदान भयो र मतगणना पनि शान्तिपूर्णरुपमा सम्पन्न भयो ।<br>मतपत्र धेरै बदर भए । | यस पटक फेसबुक पेज बुष्ट गर्ने गरेको देखियो । आयोगले तोकेको पर्चा तथा झण्डाको साइजको वेवास्ता गर्नुका साथै ग्रामीण भेगमा टिसर्ट पनि वितरण गरेको पाइयो । यस्तै पर्चा पम्पलेट घरदैलो लगायतमा भड्किलो प्रचार गरेको पाइयो । तर विगत भन्दा प्रचार प्रसारमा सुधार भएको देखिन्छ । | ७० प्रतिशत मतदान केन्द्रहरु अपाङ्ग मैत्री थिएनन् ।<br>मतपत्र सुधार गर्नुपर्ने देखियो ।<br>मतदान विद्युतीय रुपमा जान आवश्यक छ । यसमा छिटो काम होस् । | बालबालिकाको प्रयोग यो जिल्लामा देखिएन ।<br>केटाकेटीहरु जुलुसमा दाजुभाइसँग रमाएर हिडेका भेटिए । |

## ८.७.सुदूरपश्चिम : ९ जिल्लाका प्रतिवेदनको विश्लेषण

| जिल्लाहरु | निर्वाचनको दिन | निर्वाचन पश्चात्को अवस्था | आचार संहिता | बालबालिकाको प्रयोग | खर्च |
|---|---|---|---|---|---|
| ३.डोटी<br>५.दार्चुला<br>६.बैतडी<br>७.डडेल्धुरा<br>९.कैलाली | दार्चुलामा निर्वाचनको समयमा शैल्यशिखर नगरपालिका ५ को बगौरा केन्द्रमा प्रहरीले ५ राउण्ड हवाइ फायर गरेको थियो । यो देखि बाहेकका स्थानमा शान्तिपूर्णरुपमा ठिक समयमा निर्वाचन सम्पन्न भएको थियो । | मतपेटिकाहरु ठिक समयमा सङ्कलन गरी मत गणना पनि ठिक समयमा गरियो र शान्तिपूर्णरुपमा सम्पन्न भयो । मतदान धेरै बदर भए । | आचार संहितालाई मध्यनजर गर्दै निर्वाचनका कार्यक्रमहरु अगाडि बढे,समय सँगसँगै प्रचार प्रसारमा आचार संहितालाई वेवास्ता गरियो । ४ जिल्लामा मतदान नै स्थगित भयो । | बालबालिकको प्रयोगमा धेरै सुधार भएको छ । छिट्पुट् रुपमा रमाइलोको रुपमा टिनएजका बालबालिकाहरु जुलुसहरुमा हिडेका थिए । | खर्चमा कटौती भएको देखियो तर तोकेको मापदण्डमा कुनै पार्टीका उम्मेदवारहरुले खर्च संवन्धी आचार संहिता पालन गरेको पाइएन । |
| **सुदूर पश्चिममा मतदान स्थगित भएका जिल्लाका केन्द्रहरु** | | | | | |
| १. बाजुरा | यहाँ स्थानीय तह ९ मध्ये नपा ४ छन् । निर्वाचनमा १ नगर पालिका र बुढीनन्दा गापाका १ केन्द्रमा समस्या देखियो र अन्यमा शान्तिपूर्णरुपमा निर्वाचन संपन्न भएको थियो । यहाँको जनसङ्ख्या १ लाख ३८ हजार ९ सय ८८ रहेको छ । मतदान केन्द्र १ सय १२ थिए ।<br><br>बुढीनन्द गाँउपालिका ८ को १ केन्द्र र बुढीगंगा नगरपालिकको पुरै २० केन्द्र रद्द भएका थिए । | पुनः निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भए ।<br>मतगणनामा विवाद भएन । साना विवादहरु सहमतिमा समाधान भयो । | निर्वाचन क्रममा प्रचार प्रसार गर्दा आचार संहिताको पालना भएको पाइएन ॥<br>सामाजिक सञ्जालको प्रयोग मौन अवधिमा पनि भएको छ । | बाल बालिकाको प्रयोग जिल्लामा देखिएन ।<br><br>जुलुसमा दाँजुभाइसँग रमाएर हिडेका केही १२/१३ वर्षका स्कूलले विद्यार्थीहरु जुलुसमा हिदेका देखिए । कतै उम्मेदवारका पर्चा वितरण गरेका थिए । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. बझाङ | यहाँ स्थानीय तह १२ मध्ये नपा २ छन् । निर्वाचनमा आचार संहिता प्रचार प्रसारमा ख्याल नगरेको देखियो तर शान्तिपूर्णरुपमा निर्वाचन संपन्न् भएको थियो । यहाँको जनसङ्ख्या १८९०९७रहेको छ । मतदान केन्द्र १८३ थिए जय पृथ्वी नगरपालिका ७ का २ केन्द्र,केदारस्यु गाँउपालिका ४ का २ केन्द्र, सुर्मा गाँउपालिका २का २ केन्द्र र ३ को १ केन्द्रमा मतदान स्थगित गरिएको थियो । | स्थगित भएका स्थानहरुमा पुनः निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भए ।<br>मतगणनामा विवाद भएनन् ।<br>साना विवादहरु सहमतिमा समाधान गरियो ।<br><br>निर्वाचन परिणाममा बदरमतले पक्कै असर गरेको देखियो । | । निर्वाचनमा आचार संहिता प्रचार प्रसारमा ख्याल नगरेको पाइयो ।<br><br>व्यानरका साइजहरु तोकेका मापदण्ड अनरुपका थिएनन् । | बालबालिका को प्रयोग जिल्लामा देखिएन ।<br><br>जुलुसमा दाजु भाइ सँग रमाएर हिडेका केही १२/१३ वर्षका स्कूले विद्यार्थीहरु जुलुसमा हिंडेका देखिए । कतैकतै उम्मेदवारका पर्चा वितरण गरेको पनि भेटियो । | |
| ४. अछाम | यहाँ स्थानीय तह १० मध्ये नपा ४ छन् । निर्वाचनमा आचार संहिता प्रचार प्रसारमा ख्याल नगरेको देखियो । ३ केन्द्र देखि बाहेक अन्यमा शान्तिपूर्णरुपमा निर्वाचन सम्पन्न भएको थियो । यहाँको जनसङ्ख्या २२९८१६रहेको छ । मतदान केन्द्र २०७ थिए । मंङ्लसेन नगरपालिकाको १३ मा १ केन्द्र, चौपार्टी गाँउपालिका ३ को १ केन्द्र र ढकारी गाँउपालिका २ को १ केन्द्रमा मतदान स्थगित गरिएको थियो । | स्थगित भएका स्थानहरुमा पुनः निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भए ।<br>मतगणनामा विवाद भएनन् ।<br>साना विवादहरु सहमतिमा समाधान गरियो ।<br><br>निर्वाचन परिणाममा बदरमतले पक्कै असर गरेको देखियो । | आचार संहितालाई मध्यनजर गर्दै निर्वाचनका कार्यक्रमहरु अगाडि बढे समयसँगै प्रचार प्रसारमा यिनलाई बेवास्ता गरियो । यहाँका केही केन्द्रहरुमा मतदान नै स्थगित गरियो । | बालबालिकको प्रयोगमा धेरै सुधार भएको छ । छिट्पुट् रुपमा रमाइलोको रुपमा टिनएजका बालबालिकाहरु जुलुसहरुमा हिडेका थिए । | खर्चमा कटौती भएको देखियो तर तोकेको मापदण्डमा कुनै पार्टीका उम्मेदवारहरुले पालन गरेको पाइँदैन । |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.कञ्चनपुर | यहाँ स्थानीय तह ९ मध्ये नपा २ छन् । शान्तिपूर्णरुपमा निर्वाचन सम्पन्न् भएको थियो । यहाँको जनसङ्ख्या १७२७२६ रहेको छ । मतदान केन्द्र १९३ थिए ।<br>यहाँको पुनर्वास नगरपालिका १० को ३ केन्द्रमा निर्वाचन स्थगित गरिएको थियो । | स्थगित भएका स्थानहरुमा पुनः निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भए ।<br>मतगणनामा विवाद भएनन् ।<br>साना विवादहरु सहमतिमा समाधान गरियो ।<br><br>निर्वाचन परिणाममा बदरमतले पक्कै असर गरेको देखियो । | आचार संहितालाई मध्यनजर गर्दै निर्वाचनका कार्यक्रमहरु अगाडि बढे समय सँगै प्रचार प्रसारमा यिनलाई बेवास्ता गरियो । यहाँको १ केन्द्रमा मतदान नै स्थगित गरियो । | बालबालिकाको प्रयोगमा धेरै सुधार भएको छ । छिट्पुट् रुपमा रमाइलोको रुपमा टिनएजका बालबालिकाहरु जुलुसहरुमा हिंडेका थिए । | खर्चमा कटौती भएको देखियो तर तोकेको मापदण्डमा कुनै पार्टीका उम्मेदवारहरुले पालन गरेको पाइँदैन । |

## परिच्छेद-९
# सुझाव र सिफारिसहरू

### नेपाल सरकार

- काम विशेषले बाहिर गएका वा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले मतदाता सूचीमा आफ्नो नाम समावेश गराउने र आफूले रोजेको उम्मेदवारलाई सञ्चार प्रविधिको माध्यमद्वारा मतदान गर्न पाउने व्यवस्था गर्नेतर्फ अविलम्ब योजना बनाउने ।
- प्रतिस्पर्धात्मक लोकतान्त्रिक परिपाटीमा आवधिक निर्वाचनको मूल्य र मान्यतालाई अक्षुण्य राख्न अन्तर्राष्ट्रिय प्रचलन बमोजिम निर्वाचनको मिति तय गर्ने अधिकार संवैधानिक निकायको रूपमा स्थापित निर्वाचन आयोगलाई प्रदान गर्नुपर्ने गरी कानुन परिमार्जन गर्ने ।
- मतदान प्रक्रियामा प्रत्येक योग्य मतदाताको अधिकार सुरक्षित गर्न विशेषगरी निर्वाचनमा खटिने निकाय जस्तैः नेपाली सेना, सशस्त्र प्रहरी बल, जनपद प्रहरी, म्यादी प्रहरी, निर्वाचन कर्मचारी तथा निर्वाचन पर्यवेक्षकहरूलाई अग्रिम मतदान (Postal Voting) को व्यवस्था गर्ने कानुन निर्माण गर्ने ।
- निर्वाचनको सेरोफेरोमा निर्वाचनलाई प्रभाव पार्ने गरी आचार संहिताद्वारा निषेधित विकास-निमार्णका नाममा हुने बजेटको दुरुपयोगमा रोक लगाउने ।
- सार्वजनिक पदधारण गरेका कुनै पनि व्यक्तिले निर्वाचनको सन्दर्भमा शक्ति र पदको दुरुपयोग गरेको पाइएमा जवाफदेही बनाई कानुनी दायरामा ल्याउने ।

### निर्वाचन आयोग

- निर्वाचन आयोग निर्वाचन व्यवस्थापनमा समर्पित एक स्वतन्त्र संवैधानिक निकाय भएको हुँदा यसले राज्य संयन्त्रबाट हुन सक्ने कुनै पनि प्रकारका प्रत्यक्ष वा परोक्ष हस्तक्षेपको प्रभावमा पर्नबाट जोगिने । निर्वाचनको निम्ति आवश्यक कानुन, आर्थिक सहायता एवम् अन्य व्यवस्थापन अग्रिम रूपमा तय गर्ने ।
- निर्वाचनमा लागत र समय दुवै घटाउन बदलिदो परिस्थिति र परिवेशलाई मूल्याङ्कन गरी समग्र निर्वाचन प्रक्रियालाई आधुनिक र प्रविधिमैत्री बनाउनुपर्ने । यस्तो प्रविधि प्रचलनमा ल्याउन आर्थिक, प्राविधिक, तत्परता, क्षमता र विश्वसनीयताको कसीमा यथेष्ट गृहकार्य गर्ने ।
- मतदान प्रकृया जटिल तथा मतपत्र ज्यादै ठुलो हुनाले मतदाताहरु त्यस्तो ढाँचामा अभ्यस्त नभएको कारण मतदाता शिक्षालाई खासगरी पहिलो पटक मतदान गर्ने समूह तथा दुर-दराजका गाउँ-बस्तीका मतदातालाई लक्षित गरी थप प्रभावकारी बनाउनुपर्ने । मतदाता शिक्षामा गैसस, सञ्चार माध्यम, पेशागत, शैक्षिक र प्राज्ञिक तथा निर्वाचनसँग सम्बन्धित सस्थाहरुलाई समन्वय गरी थप प्रभावकारी बनाउने ।
- मतदाता परिचय-पत्र त्रुटीरहित ढङ्गबाट निर्माण गरी प्रत्येक मतदाताको हातमा कम्तिमा एक हप्ता अगाडि अनिवार्य रूपमा पुऱ्याउने व्यवस्था गर्ने तथा विगतका निर्वाचनमा मतदाता सूचीमा नाम उल्लेख भएका तर परिचय-पत्र प्राप्त गर्न नसकी कतिपय मतदाता मतदानबाट वञ्चित तथा परिचय-पत्र भएतापनि मतदाता सूचीमा नाम नहुँदा मतदानबाट विमुख हुन पुगेको अवस्थालाई गम्भीरतापूर्वक समीक्षा गर्ने ।
- अपाङ्गतामा रहेका, महिला, जेष्ठ नागरिक लगायत अन्य विशेष आवश्यकता भएका मतदाताहरुको निम्ति सुरक्षा, सहजता एवम् संवेदनशीलताको दृष्टिकोणले मतदान स्थलहरुमा आवश्यक सुविधाहरुको उचित प्रबन्ध गर्ने ।

- मतदाता शिक्षा र नागरिक शिक्षालाई विशेषगरि दूरदराजसम्म र पहिलो पटक मत हाल्ने मतदाता तथा अल्पसंख्यक समुदायसम्म पुऱ्याउनु पर्ने । प्रभावकारी मतदाता शिक्षाका लागि निर्वाचन आयोगले नागरिक समाज र स्थानीय गैरसरकारी संस्थाहरुसँग सहकार्य गर्नुपर्ने ।
- आचार संहिताको परिपालनामा देखिएको कमजोरीलाई सम्बोधन गर्न मूलतः राजनैतिक दल, उम्मेदवार तथा कार्यकर्ताहरु जवाफदेही बन्नु पर्ने र उल्लङ्घनको घटनामा आयोगले अनुगमनलाई थप प्रभावकारी बनाई दोषीलाई कारवाही गर्नु पर्ने ।
- आगामी निर्वाचनहरु निर्भयपूर्वक सञ्चालन गर्न सुरक्षा संवेदनशील क्षेत्रहरुको आँकलन गरी थप विशेष सुरक्षा व्यवस्था मिलाउने ।
- निर्वाचनमा जो व्यक्तिले उम्मेदवारी दर्ता गरे तिनीहरूको मात्र मतपत्रमा चुनाव चिन्ह राख्नुपर्ने । यसबाट स्वतन्त्र उम्मेदवारप्रति न्याय हुनुका साथै मतपत्रको आकार पनि घट्छ ।
- मतगणना प्रकृया अत्यन्त ढिलो, पट्यारलाग्दो एवम् समय-श्रोत खर्चिलो देखिएकोले भविष्यका निर्वाचनहरुमा वैकल्पिक व्यवहारिक विधि अवलम्बन गरी द्रुतगतिमा मतगणनाको नतीजा प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- निर्वाचनको समयमा राजनैतिक दलका नेता, उम्मेदवार तथा कार्यकर्ताद्वारा अवलम्बन गरिने डर, धाक, धम्की, त्रास र अनावश्यक प्रतिबद्धताको अन्त्य गरी जनविश्वास सिर्जना गर्नुपर्ने ।
- निर्वाचनको समयमा हिंसामा संलग्न व्यक्ति वा समूह जो कोही भए पनि अनुसन्धानको दायरामा ल्याई कसुर अनुसार सजाय गरी दण्डहीनताको संस्कृति अन्त्य गर्नुपर्ने ।

**राजनैतिक दल**

- निर्वाचनमा जसरी पनि विजेता बन्नुपर्ने मानसिकता विद्यमान रहेको सन्दर्भमा पराजयलाई स्वीकार गरी लोकतान्त्रिक एवम् सहिष्णु चरित्र प्रर्दशन गरी पराजय पश्चात् मतदाता, समर्थक र कार्यकर्तासँग प्रतिशोध लिने प्रवृत्ति रोक्नुपर्ने ।
- निर्वाचन प्रचार अभियानमा राजनैतिक दल, तीनका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवार सहित जो कोहिले निर्वाचन खर्चको सीमा नाघ्ने कार्य नगर्ने तथा निर्वाचन खर्चको यथार्थ विवरण पेश नगरे कानुन बमोजिम अनिवार्य रूपमा दण्डीत हुनेमा प्रतिबद्ध हुने ।
- बदलिँदो परिवेश, संवैधानिक एवम् कानुनी प्रावधान बमोजिम राजनैतिक दलहरूमा समावेशी चरित्र निमार्ण गरी आन्तरिक लोकतान्त्रिक संस्कृति विकसित गर्दै निर्वाचनका सम्पूर्ण पक्षमा पारदर्शीता, जवाफदेहती र जिम्मेवारी अवलम्बन गर्ने ।
- कतिपय दलहरूबिच भएका असहज प्रकृतिका गठबन्धन र तालमेलका कारण कार्यकर्ता र समर्थकहरूमा नैराश्यता र बितृष्णा देखिएको हुँदा यस्ता गठबन्धनहरु निरुत्साहित गर्नुपर्ने ।
- राजनैतिक दलका घोषणपत्रहरु राष्ट्रियस्तरमा तयार नगरी स्थानीय आवस्यकता र स्थानीय उम्मेदवारको हस्ताक्षर सहित प्रकाशित हुनुपर्ने । यस्ता घोषण पत्रहरु हुँदा प्रतिबद्यतामा काम नगर्ने जनप्रतिनिधिहरुलाई जनताले स्पष्टीकरण सोध्ने अधिकार सुरक्षित राख्ने छन् ।

## सन्दर्भ सामग्रीहरु


१.नेपालको निर्वाचन इतीहासः निर्वाचन आयोग नेपाल (२०७३) कान्तिपथ, काठमाडौँ ।
प्रकाशन:फागुन७, २०७३ निर्वाचन दिवस, पेज नं.८६, ९०

२.संविधानसभा निर्वाचन पर्यवेक्षण प्रतिवेदन, नियोक (२०६४), पेज न.७-८.

३.https://mofa.gov.np/about-nepal/history-of-nepal/ Retrieved on 10/5/2022

४.निर्वाचन पर्यवेक्षणः मूल प्रतिवेदन प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७४, नियोक

५.नेपालको संविधान २०७२: प्रस्तावना

६. नयाँ पत्रिका बैशाख २४ र २९ २०७९

७. **पैसा बाँडेको आरोपमा एमालेका जनकपुर अध्यक्ष सुरेन्द्र भण्डारी पक्राउ",**
*ekantipur.com (in Nepali). Retrieved 2022-05-12.*

८.**महासेठलाई कारबाही गर्न सरकार र ओलीसँग मुस्लिम आयोग अध्यक्षको माग,**
*ekantipur.com (in Nepali). Retrieved 2022-05-12.*

९.Avenues TV on 14/5/2022 : *Morning broadcast.*

१०.कान्तिपुरः ३१ बैशाख २०७९, शनिवार, अंक ८५ : पेज नं १

११.निर्वाचन आयोगको प्रेस बिज्ञप्ती बैशाख ३०, २०७९

१२.नयाँ पत्रिका २०७८ जेष्ठ ४

१३.कान्तिपुर समाचार, १७ जेठ २०७९ पेज नं २ ( (Tuesday, May 31, 2022)

१४.कान्तिपुर जेठ ४ २०७९ पहिलो पृष्ठ **"गणक लखतरान, एक अर्कालाई जिम्मेवारी पन्छाउँदै प्रमुख निर्वाचन आयुक्त र प्रमुख निर्वाचन अधिकृत"**

# अनुसूचीहरु

## नियोकका पर्यवेक्षकहरुको विवरण/पर्यवेक्षण गरिएको क्षेत्र

| District | Male | Female | Total |
|---|---|---|---|
| Taplejung | 5 | 1 | 6 |
| Panchthar | 11 | 4 | 15 |
| Ilam | 4 | 0 | 4 |
| Sankhuwasabha | 8 | 6 | 14 |
| Tehrathum | 6 | 5 | 11 |
| Dhankuta | 2 | 10 | 12 |
| Bhojpur | 6 | 6 | 12 |
| Khotang | 4 | 0 | 4 |
| Solukhumbu | 8 | 5 | 13 |
| Okhaldhunga | 5 | 5 | 10 |
| Udayapur | 8 | 4 | 12 |
| Jhapa | 11 | 4 | 15 |
| Morang | 31 | 14 | 45 |
| Sunsari | 11 | 6 | 17 |
| Saptari | 9 | 0 | 9 |
| Siraha | 2 | 2 | 4 |
| Dhanusa | 10 | 1 | 11 |
| Mahottari | 6 | 4 | 10 |
| Sarlahi | 6 | 9 | 15 |
| Rautahat | 7 | 3 | 10 |
| Bara | 6 | 3 | 9 |
| Parsa | 5 | 3 | 8 |
| Dolakha | 12 | 12 | 24 |
| Ramechhap | 13 | 0 | 13 |
| Sindhuli | 9 | 3 | 12 |
| Kavrepalanchok | 32 | 23 | 55 |
| Sidhupalchok | 8 | 7 | 15 |
| Rasuwa | 1 | 0 | 1 |
| Nuwakot | 10 | 7 | 17 |
| Dhading | 21 | 8 | 29 |
| Chitwan | 18 | 5 | 23 |
| Makawanpur | 9 | 4 | 13 |
| Bhaktapur | 20 | 11 | 31 |
| Lalitpur | 23 | 12 | 35 |
| Kathamandu | 15 | 13 | 28 |
| Gorkha | 11 | 1 | 12 |
| Lamjung | 7 | 5 | 12 |
| Tanahun | 6 | 6 | 12 |
| Kaski | 16 | 12 | 28 |
| Manang | 1 | 6 | 7 |
| Parbat | 5 | 2 | 7 |
| Syanga | 11 | 2 | 13 |
| Myagdi | 2 | 4 | 6 |
| Baglung | 6 | 2 | 8 |
| Nawalpur | 8 | 2 | 10 |
| Mustang | 6 | 1 | 7 |
| Rupandehi | 4 | 3 | 7 |
| Nawalparasi | 8 | 3 | 11 |
| Kapilvastu | 5 | 3 | 8 |
| Palpa | 9 | 4 | 13 |
| Arghakhanchi | 14 | 3 | 17 |
| Gulmi | 12 | 3 | 15 |
| Rolpa | 8 | 5 | 13 |
| Pyuthan | 4 | 2 | 6 |
| Dang | 13 | 9 | 22 |
| Banke | 16 | 11 | 27 |
| Bardiya | 7 | 4 | 11 |
| Rukum (Rukumkot) | 8 | 4 | 12 |
| Rukum (Musikot) | 11 | 4 | 15 |
| Salyan | 4 | 5 | 9 |
| Dolpa | 5 | 7 | 12 |
| Mugu | 4 | 2 | 6 |
| Jumla | 5 | 5 | 10 |
| Humla | 5 | 1 | 6 |
| Kalikot | 8 | 2 | 10 |
| Kalikot | 8 | 4 | 12 |
| Dailekha | 9 | 5 | 14 |
| Surkhet | 14 | 10 | 24 |
| Bajura | 11 | 2 | 13 |
| Bajhang | 3 | 2 | 5 |
| Doti | 9 | 3 | 12 |
| Achham | 10 | 2 | 12 |
| Darchula | 9 | 2 | 11 |
| Baitadi | 9 | 3 | 12 |
| Dadeldhura | 4 | 3 | 7 |
| Kanchanpur | 10 | 3 | 13 |
| Kailali | 7 | 4 | 11 |
| NEOC Central Office | 44 | 11 | 55 |
| **Total** | **738** | **377** | **1,115** |

## पर्यवेक्षणका झलकहरु/तस्वीरहरु














## “पर्यवेक्षण कल सेन्टर” काफलकहरु














Regd. No: 643/064/065, Ktm SWC Affiliation No: 24097

# राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)
# National Election Observation Committee (NEOC)

*National Secretariat*

Satoaki Memorial Building, Kupondol-10, Lalitpur, Nepal
GPO Box: 26550, Tel: 01-5541502, Fax: 977-01-5541503
Email: neoc@wlink.com.np, neocnepal1991@gmail.com, www.neocelection.org

मितिः २०७९/०१/३०
समयः साझ ८ :०० वजे

स्थानीय तह निर्वाचन २०७९

## निर्वाचन पर्यवेक्षणको प्रारम्भिक समीक्षा

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले स्थानीय तह निर्वाचन २०७९ को मतदानमा नेपालभर जम्मा १२०० पर्यवेक्षकहरू परिचालन गरी विभिन्न मतदान केन्द्रहरुको पर्यवेक्षण गरेको छ भने संवेदनशील मतदान केन्द्रहरूलाई दृष्टिगत गरी घुम्ती पर्यवेक्षण टोलीको अतिरिक्त निर्वाचन विज्ञ सम्मिलित विशिष्ट पर्यवेक्षकहरूको समूह समेत सम्भावित तनावग्रस्त ठानिएका मतदान केन्द्रहरूमा परिचालन गरेको थियो। यसै सन्दर्भमा काठमाडौँको नयाँ बानेश्वरस्थित अल्फा हाउसको पाँचौ तलाको सभाकक्षमा निर्वाचनसम्बन्धी सूचना संकलन र सम्प्रेषणका लागि पर्यवेक्षण "कल सेन्टर" स्थापना गरेको थियो । कल सेन्टरमा ६० भन्दा बढी सूचना संकलकहरुले ७७ जिल्लामा परिचालीत पर्यवेक्षकहरुबाट प्राप्त मतदान केन्द्रका गतिविधिहरु संकलन गरेका थियो ।

स्थानीय तह निर्वाचन २०७९ को मतदानमा बजाङ जिल्लाको जयपृथ्वी नगरपालिकाको सुवेडामा रहेको सुनीपिपल चौर मा. वि. मतदान केन्द्रमा गठनबन्धन र नेकपा एमालेका कार्यकर्ताबीच विवाद बढ्दै जाँदा सुरक्षा निकायले स्थिति नियन्त्रणमा लिन हवाइ फायर समेत गर्नु परेको, त्यसैगरी सोही नगरपालिकाको १ नं. वडामा रहेको मतदान केन्द्र वरीपरी तीन ठाउँमा विस्फोटक पदार्थ भेटिएको र पछि नेपाल सेनाले डिस्पोज गरेको थियो जसले गर्दा केही समय स्थिति तनावपूर्ण रहन गयो । यसैगरी, हुम्ला जिल्लाको चंखली गाउँपालिका २ स्थित महादेव मा. वि. मतदान केन्द्रमा नेकपा एमाले र गठबन्धन बीच झडप हुँदा मतदान केन्द्रमा खटिएका दुई जना कर्मचारी घाइते भएका थिए र एक जनालाई उपचारको लागि सुर्खेत लानु परेको थियो ।

यसैबीच, सर्लाहीको चक्रघट्टा गाउँपालिका १ मा रहेको मतदान केन्द्रमा राजपा र नेकपा माओवादी (केन्द्र) का कार्यकर्ताबीच विवाद हुँदा प्रहरीले हवाइ फायर समेत गर्नु परेको थियो । त्यसैगरी, रामेछापका विभिन्न चार मतदान केन्द्रमा फरक दलबीच उत्पन्न विवादका कारण केही समय मतदान प्रक्रिया अबरुद्ध हुनुका साथै खाँडादेवी मतदान केन्द्रमा हवाइ फायर समेत गर्नुपर्ने अवस्था उत्पन्न हुन पुग्यो । देशका विभिन्न मतदान केन्द्र आसपासमा प्राय: सबै राजनीतिक दलहरुले मतदाताहरुलाई आकर्षित गर्ने प्रयोजनले खाजा खाना वितरण समेत गरेको पाइयो ।

मतदान बिथोल्ने नियतबाट भएका यी तथा अन्य गतिविधिका बाबजुद समग्रमा निर्वाचन शान्तिपूर्ण र उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको छ । यस आवधिक रुपमा सम्पन्न निर्वाचनमा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत आम मतदाताहरुको उपस्थिति उत्साहजनक रहेको पाइएको छ । निर्वाचन अवधिभर निर्वाचन आयोगको मतदान व्यवस्थापनमा सामान्य प्राविधिक त्रुटिबाहेक (जस्तै: धेरै जसो मतदान केन्द्रहरुमा मतदाताहरुको नाम रुज गर्नमा कठिनाइ भएको) समग्रमा सन्तोषजनक तरिकाले निर्वाचनको कार्यक्रम सम्पन्न भएको छ । नियोकले पर्यवेक्षण "कल सेन्टर" वाट ३८६ पर्यवेक्षकहरुलाई प्रत्यक्ष सम्पर्क गरी सूचना संकलनका आधारमा मतदान केन्द्रहरुमा ६३.८७ प्रतिशत मत खसेको पाइयो ।

आजको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन महत्वपूर्ण योगदान पुर्‍याउने समस्त मतदाता, राजनीतिक दल तथा उम्मेदवारहरु, निर्वाचन आयोग/निर्वाचन अधिकृत तथा अन्य सम्पूर्ण कर्मचारी वर्ग, नेपाल सरकार, सुरक्षा निकाय, मानव अधिकार आयोग, नागरिक समाज, नियोक लगायत अन्य सहकर्मी संस्थाबाट परिचालित पर्यवेक्षकहरु, स्वयम्सेवीहरु तथा सबै सरोकारवालाहरुप्रति नियोक हार्दिक आभार व्यक्त गर्दछ । निर्वाचन पर्यवेक्षण सम्बन्धमा विस्तृत विवरणसहितको अन्तिम प्रतिवेदन यथाशिघ्र सार्वजनिक गरिनेछ । धन्यबाद ।।

प्रा. कपिल श्रेष्ठ
अध्यक्ष

NEOC is a heterogonous rainbow coalition of human rights groups, civil society organizations and distinguished individuals working in the field of freedom of elections in Nepal since 1991. It has come into being in pursuant to the values and principles of universal adult suffrage enshrined in the Universal Declaration of Human Rights.